# अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि जनवकालत

## राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अनुभव तथा सिकाईहरू

(जनवकालत गर्ने  वा सो विषयमा तालिम सञ्चालन गर्नेहरूका
लागि एक सहयोगी पुस्तिका)

**अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि जनवकालत**


लेखन तथा सङ्कलन : राजु बस्नेत, मनिष प्रसाईँ

सल्लाहकार : सुदर्शन सुवेदी, देवी बहादुर पोखरेल, टीका दहाल, कुमार रेग्मी, ओमप्रकाश बञ्जाडे, रेणु लोहनी

प्रकाशक : राष्ट्रिय अपाङ्ग महासङ्घ - नेपाल, भृकुटीमण्डप, काठमाडौँ

प्रकाशन सहयोगी : डिपिओडी, डेनमार्क



सर्वाधिकार : प्रकाशकमा



लेआउट : योगेश खपाङ्गी, एक्सप्रेस मल्टिमिडिया सुन्धारा, काठमाडौं, फोन : ०१ ४२५११०२

मुद्रण : भोजपुर सिद्धकाली प्रिन्टिङ्ग प्रेस सुकेधारा, काठमाडौँ, ०१-४३७६३९८

प्रकाशन प्रति : १०००

प्रकाशन वर्ष : २०७४ पुस (सन् २०१७)

**ISBN : 978-9937-9226-0-9**

# प्रकाशकीय

राष्ट्रिय अपाङ्ग महासंघ नेपालले आफुले गरेका काम, सिकाई र उपलब्धीहरूलाई विभिन्न माध्यमहरूबाट सदस्य संस्था, अपाङ्गता भएका व्यक्ति र आम जनसमुदायमा पुर्‍याउन निरन्तर प्रयासहरू गरिरहेको छ । हामीले गरेका राम्रा अभ्यास, प्रयोग गरेका सफल पद्दति र तरिकाहरूबाट हाम्रा सदस्य संस्थाहरूले सिक्न पाउन भन्ने हाम्रो चाहना पनि हो । पछिल्लो समयमा महासंघले सम्पन्न गरेका जनवकालत (Advocacy) का कामहरूवाट नीतिगत तहमा निकै राम्रा उपलब्धीहरू हासिल भएका छन् यद्दपी तिनको प्रभावकारी कार्यान्वयनको लागि अझै हामीले धेरै काम गर्न वाँकी नै छ ।

महासंघको नेतृत्वमा भएका जनवकालतका कामहरूमा सदस्य संस्थाहरू लगायत यस क्षेत्रमा काम गर्ने सबै संस्था, समुह र व्यक्तिको समेत धेरै ठूलो योगदान रहेको छ । हामीले गरेका कामहरूको परिणास्वरूप संविधानमा हाम्रा केहि महत्वपूर्ण अधिकारहरू सुनिश्चित भएका छन् भने अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिलाई कार्यान्वयन गर्न सरकारले छुट्टै ऐन समेत पारित गरिसकेको छ । यसैगरी शिक्षा मन्त्रालयले समावेशी शिक्षा नीति लागू गरिसकेको छ ।

जनवकालतका कामहरू गर्दा हामीले केहि निकै राम्रा अनुभव र सिकाइहरू हासील गरेका छौँ । साथै जनवकालत वा पैरवी गर्न विभिन्न तरिका र पद्दतिहरूको पनि उपयोग गरेका छौँ जुन निकै प्रभावकारी पनि देखिएका छन् । यी अनुभव तथा सिकाईहरू र प्रभावकारी पद्धतिहरूलाई लिपीवद्ध गरेर सदस्य संस्था लगायत सबैको पहुँचमा पुर्याउन सक्दा भोलिका दिनहरूमा प्रदेश तथा स्थानीय तहमा गरिने पैरवी वा जनवकालतका कामहरूमा ठूलो मद्दत पुर्याउनुका साथै सदस्य संस्थाको क्षमताको पनि विकास हुन्छ भन्ने हाम्रो विश्वास हो ।

यसै आवश्यकतालाई मध्यनजर गरी हामीले गरेका काम र अनुभववाट भएका सिकाइहरूलाई समेटेर महासंघ आफ्नो २५ वर्ष पुगेको एउटा महत्वपूर्ण अवसर पारेर यो सामग्री यहाँहरू समक्ष पस्किने मौका पाएको छौँ र हामी यसमा गौरवान्वित छौँ । हामीलाई विश्वास छ, यो सामग्री खास गरेर तपाईहरुको कार्यक्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकारका लागि प्रमाणमा आधारित जनवकालतका योजना निर्माण गर्न र त्यसलाई कार्यान्वयन गर्ने विषयमा क्षमता विकास गर्न मद्दत गर्नेछ र हामी आशा गर्छौं, यस सामग्रीको प्रयोग यहाँहरूले सकेसम्म धेरै गर्नुहुनेछ र यस्ता सामग्रीहरूको प्रकाशनमा हामीलाई उपयोगी र रचनात्मक सुझावहरू पठाउनुहुनेछ ।

धन्यवाद !

**सुदर्शन सुवेदी**
केन्द्रीय अध्यक्ष
राष्ट्रिय अपाङ्ग महासङ्घ - नेपाल

[ सामाजिक हलचल विना स्वतन्त्रताको कुरा गर्नु खनजोत विना बाली लिने वा बादलको गर्जन विना वर्षा हुन्छ भन्ने सोच राख्नु जस्तै हो । संघर्ष विना प्रगति संम्भव छैन । यो इतिहासमा न कहिल्यै भयो न अहिले छ न कहिल्यै हुनेछ ।

- फेड्रिक एङ्गेल्स ]

# खण्ड क

# जनवकालतका सैद्धान्तिक पक्ष

# १. अर्थ र परिभाषा

समतामुलक समाजको विकासलाई गति दिने र मानव अधिकारको प्रत्याभूति सहित सबै नागरिक वा जनताका हकहरूलाई समान रूपमा स्थापित गर्ने उद्देश्यले विभिन्न नीति, कानुन, नियम, संरचना र प्रकृयाहरू बनाइएको भएतापनि विभिन्न कारणहरूले हाम्रो जस्तो अल्प विकसित वा विकासोन्मुख देशमा तिनीहरूको प्रभावकारी कार्यन्वयन भएको पाइँदैन । यसको प्रत्यक्ष प्रभाव जनतामा पर्छ र विभिन्न वर्ग र समुदायका मानिसहरू यसको नकारात्मक परिणामबाट ग्रसित हुन पुग्छन् । अझ खास गरेर कानुन र नीतिहरूको कमजोर कार्यान्वयनको शिकार महिला, गरीव तथा विपन्न वर्ग, बालबालिका, विभिन्न जातजातिका मानिसहरू, श्रमिक, दलित, अपाङ्गता भएका व्यक्ति लगायत पर्ने गर्छन् । कतिपय अवस्थामा उपयुक्त कानुन, नीति, नियम र संयन्त्र वा संरचनाको अभावमा पनि विभिन्न वर्ग र समुदायका मानिसहरूले असमान व्यवहार, विभिन्न प्रकारका सामाजिक विभेदको शिकार हुनुपर्ने र विकासको प्रतिफलबाट पछाडि पर्नुपर्ने परिस्थिति रहेको हुन्छ ।

नीति नियमहरू कार्यान्वयन नभएर होस् वा नीति नियमहरूको अभावमा होस्, अप्ठ्यारो, जोखिमपूर्ण, अन्याय वा विभेदको परिस्थितिमा रहेका नागरिकहरूले स्वतन्त्र रूपमा स्वयं संगठित भएर वा अन्य मार्फत आफ्नो समान हक तथा अधिकार स्थापित गर्न वा आफ्ना आवाजहरू सुनाउन राज्यका विभिन्न निकायहरूलाई जायज र नीति सम्मत दवाव दिने वा प्रभाव पार्ने काम सदियौँ देखि संसारका सबै लोकतान्त्रिक र मानव अधिकारप्रति प्रतिवद्ध देशहरूमा गर्दै आएका छन् । यसरी संगठित रूपमा प्रभाव पार्ने वा सार्वजनिक दवाव दिने शैली वा तरिकाहरू लोकतान्त्रिक र अनुशासित हुन्छन् जसलाई अंग्रेजी भाषामा Advocacy भन्ने गरिन्छ । नेपालमा एडभोकेसी गैर सरकारी क्षेत्रमा स्थापित संस्थाहरूले धेरै गर्ने गर्छन् र त्यसमा पनि शोषण, अन्याय, विभेद वा उपेक्षामा परेका समुदायका व्यक्तिहरू स्वयमले स्थापना गरेका संस्थाहरू यो काममा धेरै संलग्न देखिएका छन् । एडभोकेसीलाई नेपाली भाषामा के भन्ने बारेमा कुनै एक मत छैन । कसैले "पैरवी" मात्र भन्ने गरेका छन् भने कसैले "जनपैरवी" पनि भन्ने गर्छन् । यसैगरी केही संस्थाहरूले यसलाई "जनवकालत" भन्ने गरेका छन् भने कतै कतै "अधिवाचन" भन्ने शब्दावली पनि प्रयोगमा रहेको पाइन्छ । राष्ट्रिय अपाङ्ग महासंघ नेपालले भने "जनवकालत" भन्ने शब्दावलीलाई अपनाएको छ ।

जनवकालत (Advocacy) भनेको साधारण अर्थमा विभिन्न संघसंस्था वा वर्ग र समुदायका मानिसहरूले नीति निर्माताहरुलाई आवश्यकता अनुसारका उपयुक्त नीतिनियमहरु वनाउन र भएका नीति नियमहरुको व्यवहारिक रुपमा प्रभावकारी कार्यान्वयन गर्न गराउन तर्फ सचेत, उन्मुख (Influence) र अभिप्रेरित गराउनका लागि संगठित रुपमा प्रयोग गर्ने एउटा रणनीति हो । जनवकालत गर्नु भनेको आफ्नो वर्ग वा समुहको अधिकारको रक्षा गर्न, आवाजहरू स्थापित गर्न, आफ्ना सवालहरूमा सम्बन्धित निकायको ध्यानाकर्षण गर्न र थप अधिकार प्राप्त गर्न गरिने सामुहिक तर कानुन वा नीति सम्मत प्रयास हो । नीति र कानुनभित्र रहेर तर्कसङ्गत प्रस्तुतिबाट कुनै खास सवालमा देखापरेका वाधाहरू हर्टाई नीति, नियम, प्रक्रिया र परिवर्तन ल्याउन गरिने प्रयास नै जनवकालत हो । जनवकालतलाई बिभिन्न विद्धान र यस विषयमा काम गर्ने संस्थाहरूले आ-आफ्नै तरिकाले परिभाषित गरेका छन् ।

जनवकालत भनेको अधिकारबाट बंचित नागरिकहरुले शक्ति सम्वन्धलाई रुपान्तरण गर्दै आफ्ना अधिकारलाई उपभोग गर्ने वातावरण बनाउन संगठित रुपमा संचालन गर्ने राजनीतिक प्रक्रिया हो । जनवकालत प्रक्रियाको मुल ध्येय भनेकै सम्वन्धीत भुक्तभोगीहरुको फाइदाका लागि उनिहरुकै प्रयासबाट नीतिगत परिवर्तन ल्याएर त्यसको प्रभावकारी कार्यान्वयन गराउनु हो । यस्ता परिवर्तनहरु सरकारी तथा निजी दुवैक्षेत्रमा हुनसक्छन् ।

- (द एरियाज फाउन्डेशन, कोष्टारिका)

भैरहेका कुनै पनि नीति नियम र तिनको कार्यान्वयनमा संरचनागत परिवर्तन ल्याउन गरिने एउटा संगठित प्रयासलाई नै जनवकालत भनिन्छ ।

- (मेउथी याजेनाई रोचमेन)

सरकार, सरकारी तथा गैरसरकारी संस्थाहरुका नीति (policies) अवस्था (positions) र कार्यक्रमहरुमा परिवर्तन ल्याउने उद्देश्यले गरिने एउटा कार्य (action) हो । न्यायिक र समतामुलक समाजको स्थापनाका लागि प्रजातान्त्रिक प्रक्रियाहरुको माध्यम द्धारा नीति नियमहरुको निर्माण र कार्यान्वयनका लागि गरिने एक संगठित प्रयास र कार्य नै पैरवी हो ।

- Advocacy Institute, Washington DC)

## २. अदालतमा गरिने वहस वा वकालत र जनवकालतमा समानता र भिन्नता

### दुवैमा रहेका समानताहरू

अदालतमा गरिने वहसहरू पनि कानुनको उलंघन, अपचलन, दुरूपयोग वा कुनै व्यक्ति वा संस्थालाई परेको अन्यायसँग सम्बन्धित हुन्छन् । जनवकालत पनि विद्यमान कानुन र नीतिलाई नै ध्यानमा राखेर गरिन्छ र विभिन्न वर्ग वा समुदाय माथि भएको विभेद, अन्याय, कानुन र नीति अनुसार सेवा सुविधा नपाएका वा कानुनको कमजोर कार्यान्वयन भएका विषयहरूलाई नै आधार मानिन्छ ।

अदालतमा गरिने वकालत वा पैरवी अन्यायमा पर्ने पक्षलाई न्याय दिलाए पछि समाप्त भएजस्तै जनवकालतमा पनि अन्याय वा विभेदमा परेका समुदाय, वर्गको पक्षमा उपयुक्त नीतिगत निर्णय गरिन्छ वा मागहरू सम्बन्धित निकायबाट पुरा गराइन्छ ।

अदालतमा गरिने वहस वा पैरवीमा तर्क वा प्रमाणको सहयोग लिए जस्तै जनवकालतमा पनि तर्क, तथ्य, तथ्याङ्क र अध्ययन अनुसंधानमा आधारित प्रमाणहरूको सहयोग लिइन्छ ।

अदालतमा गरिने वहस वा वकालतमा र जनवकालत दुवैमा योजना निर्माण गरी चरणवद्ध तरिकाले काम गरिन्छ ।

### दुवैमा रहेका भिन्नताहरू

अदालतमा गरिने वकालत निश्चित नियमावलीले तोकेको औपचारिकता र प्रकृया पुरा गरेर मात्र गर्न सकिन्छ तर जनवकालत गर्न कुनै निश्चित नियम, औपचारिकता वा प्रकृया पुरा गर्नु पर्दैन । यो आवश्यकता अनुसार फरक फरक ढंगवाट गर्न सकिन्छ ।

अदालतमा वकालत वा पैरवी गर्ने व्यक्ति कानुन पढेको, निश्चित शैक्षिक योग्यता प्राप्त गरेको र वकालत गर्ने अनुमति पत्र लिएको हुन्छ भने जनवकालत गर्ने व्यक्तिका लागि ती कुराहरू आवश्यक पर्दैनन् ।

अदालतमा वहस वा वकालत गर्ने व्यक्ति पेशागत विज्ञता भएको व्यक्ति हुन्छ र उसले आफ्नो परिश्रमको पारिश्रमिक लिन सक्छ वा लिन्छ तर जनवकालत गर्ने व्यक्तिहरूले सो गरेवापत जसको लागि जनवकालत गरिएको हो उनिहरूसँग कुनै

पारिश्रमिक लिँदैनन्  ।

अदालतमा वहस वा वकालत गरिने विषयवस्तु वा मुद्दाहरू धेरैजसो व्यक्तिगत प्रकृतिका र केही सार्वजनिक हितसँग सम्बन्धित पनि हुन्छन् तर जनवकालतका विषयहरू सार्वजनिक र सामुहिक हितसँग मात्र सम्बन्धित हुन्छन् ।

अदालतमा गरिने वकालत वा वहस निश्चित तोकिएको स्थानमा तोकिएको विधिभित्र रहेर गरिन्छ तर जनवकालत कुनै तोकिएको एकै स्थानमा गरिदैन र यसको तरिकाहरू पनि फरक फरक हुन्छन् ।

## ३. जनवकालतको महत्व

जनवकालत अधिकारबाट बंचित, विभेदमा परेका वा विभिन्न कारणले अन्यायमा परेका वा पारिएका समुह/वर्गको अधिकार, माग र सवालहरूका पक्षमा गरिने काम हो । यो एउटा रणनीति हो जसले नसुनिएका आवाजलाई सम्बन्धित निकायसम्म पुर्याउन, सम्बोधन नगरिएका मागहरू सम्बन्धित निकायबाट पुरा गराउन, कार्यान्वयन नगरिएका कानुनहरूलाई कार्यान्वयन गराउन र आवश्यक भएका तर नवनेका नीति र कानुनहरू ल्याउन राज्यलाई प्रभाव पार्ने काम गर्छ ।

जनवकालतले नीति निर्माता, सरोकारवाला निकायहरुलाई प्रभाव मात्र पार्दैन काम गर्न अभिप्रेरित पनि  गर्छ र सकृय हुन मद्दत गर्छ । जनवकालतमा अन्याय वा विभेदमा परेका मानिसहरूका सामुहिक वा वर्गीय सवाल वा मागहरूलाई एकितृत गरिन्छ, विश्लेषण गरिन्छ, तथ्य र प्रमाणहरूको सङ्कलन गरिन्छ र तार्किक ढंगले प्रस्तुत गरिन्छ । जनवकालतमा सवार र समस्याहरूको उठान मात्र नगरेर समाधान पनि प्रस्तुत गरिने हुनाले नीति निर्माता, माग पुरा गर्ने निकाय वा निर्णयकर्तालाई आवश्यक निर्णयहरू लिन सहज हुन्छ । जनवकालत गर्दा विभेद वा अन्यायमा परेका मानिसहरूको समुदाय वा वर्गलाई साथ लिएर र उनिहरूलाई नै परिचालन गरेर गरिने हुनाले एकातिर ती वर्गहरूको सामाजिक शसक्तिकरण हुन्छ भने अर्कोतिर यसको विश्वसनियता र कानुनी मान्यता वलियो हुन्छ ।  यो एउटा समाज विकासका प्रकृयाहरू भित्रै पर्ने एउटा संगठित गतिविधि हो जसले धारणा, सामाजिक सम्बन्ध र शक्तिको सम्बन्ध (power relations) मा परिवर्तन ल्याउँदै नागरिक समाजलाई बलियो बनाउने र लोकतान्त्रिक पद्धतिलाई फराकिलो र सवल गराउन मद्धत गर्दछ । जनवकालत कुनै कुराप्रति समर्थन वा विरोध गर्ने अथवा पक्ष वा विपक्ष खडा गरी हार जीत गराउने

भन्दा पनि यस भित्रका सबै पक्षलाई जितको संघारमा पुर्याउने काम गर्छ । जनवकालत न्याय प्राप्तिको तार्कित वाटो भएकोले यसमा हिंसाको कुनै स्थान हुँदैन । यसको स्वरूप कानुनी, व्यवहारिक वा सामाजिक कुनैपनि हुन सक्छ तर हिंसात्मक हुँदैन ।

## ४. जनवकालत किन गरिन्छ ?

नेपालमा विभिन्न संघसंस्था वर्ग वा समुदायले आफ्ना विभिन्न सवालहरूमा देहायबमोजिम कारणहरूले जनवकालत गर्दै आएका छन् ।

1. नसुनिएका आवाजहरु उठाइ सरोकारवालाको ध्यानकर्षण गराउन र सम्बन्धित ठाउँमा आवाजहरू पुर्याउन ।
2. सवाल वा समस्याहरूप्रति निर्णयकर्ता वा नीति निर्माताको ध्यानाकर्षण गराई सम्बोधन गराउन ।
3. माग राख्ने वा सवाल उठाउने पक्ष र सो विषयलाई सम्बोधन गर्ने पक्ष वा सरोकारवालाहरू बीच सबैमा जीत वा समझदारीको अवस्था सृजना गर्न ।
4. जसको सवाल उसको नेतृत्व र प्रतिनिधित्व स्थापित गर्न र स्वयम् उपेक्षित वा अन्यायमा परेको समुदायलाई आफ्नो सवालमा स्वयम काम गर्न सकृय गराउन ।
5. व्यवहारिक र हकवालाले चाहेको जस्तो समाधान खोज्न र नीति नियमहरूमा अपेक्षित परिवर्तन ल्याउन ।
6. कार्यन्वयन हुन नसकेका नीति नियम र कानुनहरूको प्रभावकारी कार्यान्वयन गराउन।

## ५. नेपालमा अपाङ्गता अधिकारमा गरिएका जनवकालतको महत्व

नेपालमा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, यसका सदस्य संस्था, वर्गीय संस्था, वर्गीय सञ्जाल र अपाङ्गताका सवालमा काम गर्ने अन्य विभिन्न संघ संस्थाहरूले अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारका विभिन्न सवालहरूमा सरकार, राजनैतिक दल, नीति निर्माता, अन्तर्राष्ट्रिय समुदाय, राष्ट्रसंघीय निकाय, अन्तर्राष्ट्रिय दातृ निकाय आदिसँग जनवकालत गर्दै आएका छन् । यसरी गरिएका जनवकालतका कामहरूले मुख्य रूपमा देहायबमोजिम लाभहरू भएका छन् ।

१. अपाङ्गता भएका ब्यक्तिहरुको समस्या समाधान गर्न, विचार र भावनालाई प्रतिनिधित्व गराउन शक्ति प्रदान गरेको छ ।
२. अपाङ्गता अधिकारसँग सम्बन्धित सवालहरु सम्बोधन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संधि संझौता, कानुन, नीति, नियम अनुमोदन गराउन वा ल्याउन महत्वपूर्ण भूमिका खेलेको छ ।
३. सरोकारवाला निकायसँग सम्बन्ध स्थापित गर्न, उनिहरूलाई अपाङ्गताको सवालमा सचेत तुल्याएर व्यवहारमा परिवर्तन ल्याउन जनवकालतले प्रभावकारी कामहरू गरेको छ ।
४. राज्यले अपाङ्गता भएका व्यक्तिहरूलाई उपलब्ध गराएका सेवा सुविधाहरूलाई कार्यान्वयन गराउन, आवश्यक थप सेवा सुविधाहरू ल्याउन र भएका नियम कानुनहरूलाई समयसापेक्ष संशोधन गराउने कामको लागि सरकारको ध्यानाकर्षण गराइ त्यसतर्फ सकृय गराउन जनवकालतको भूमिका प्रभावकारी मानिएको छ ।
५. जनवकालत अपाङ्गता भएका ब्यक्तिको हकहित, सुरक्षा र दुर्ब्यवहार विरुद्ध सशक्त आवाज उठाउने आधार बनेको छ ।
६. अपाङ्गता अधिकारको क्षेत्रमा जनवकालबाट प्राप्त केही परिणामहरू दुरगामी र सबैतिर प्रशंसित भएका छन् । जस्तै अपाङ्गता अधिकार सम्बन्धी महासन्धिको अनुमोदन, अपांगता परिचयपत्रको व्यवस्था, सामाजिक सुरक्षा भत्ता, नेपालको संविधान २०७२ मा भएका व्यवस्थाहरू, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन आदि केही उदाहरणहरू हुन् ।
७. जनवकालतले अपाङ्गता भएका व्यक्तिहरूलाईआफ्ना अधिकारहरूको खोजी गर्न, मागहरू सम्बोधन गराउन संगठित हुन, शुसासन कायम गराउन र विभिन्न निर्णय प्रकृयाहरूमा प्रतिनिधित्व वा सहभागी भई समाधानहरू खोज्न शसक्त बनाएको छ ।
८. जनवकालतले सरकारी निकाय, राजनैतिक दल, नीति निर्माता, नीजि क्षेत्र लगायत अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी निकायहरूलाई अपाङ्गताका सवालहरूको वारेमा वुझ्न र त्यसमा काम गर्न योगदान गरेको छ ।

[ (राष्ट्रिय अपाङ्ग महासंघ नेपालले विगतमा गरेका जनवकालतका कामहरू र यसबाट पाएका सफलताहरूको अनुभवमा आधारित ) ]

# खण्ड ख

# जनवकालतको तयारी, विधि, प्रकृया

# १. जनवकालतको पूर्व तयारी

जनवकालतका लागि पूर्व तयारी निकै महत्वपूर्ण हुन्छ । राम्रो पूर्वतयारी नगरी गरिएको जनवकालत प्राय असफल नै हुन्छ र यसले विभिन्न प्रकारका विवादहरू पनि निम्त्याउन सक्छ । पूर्वतयारी विनाको जनवकालत क्षणिक जस्तो पनि हुन्छ र यसले कुनै परिणाम पनि दिँदैन । जनवकालतका लागि पूर्वतयारी जति राम्रो गरिन्छ त्यतिनै सफलता हासिल गर्ने संभावना पनि प्रवल हुन्छ । जनवकालतका लागि पूर्वतयारीमा विशेष गरेर देहाय बमोजिम कुराहरूलाई ध्यान दिनु पर्छ ।

## क) सवालको पहिचान र विश्लेषण

विना सवालको जनवकालत अर्थहिन र परिणाम विहिन हुन्छ । सवाल पहिचान गर्नुभन्दा पहिला आफूले जुन वर्ग वा समुदायको लागि जनवकालत गर्न खोजिएको हो त्यो वर्ग वा समुदायका समस्याहरूसँग पूर्ण रूपमा जानकार हुनुपर्छ । समस्याहरूसँग जानकार हुनको लागि सम्बन्धित वर्ग र समुदायसँग पर्याप्त समन्वय, अन्तरकृया र छलफल गर्नु जरूरी हुन्छ । समस्या विश्लेषण गर्दा तीनवटा कुराहरूमा विशेष ध्यान दिनुपर्छ । १) मुल समस्या – जुन वाहिर देखिन्छ र यसले अपाङ्गता भएका व्यक्तिको वर्ग वा समुदायलाई सताइरहेको वा पिरोलिरहेको हुन्छ । २) मुल कारणहरू र सहायक कारणहरू – जुन वाहिर झट्ट देखिँदैनन् तर पत्ता लगाउनुपर्छ र ३) उक्त समस्याले ल्याएका असरहरू – जुन अपाङ्गता भएका व्यक्तिहरूले नचाहेर पनि उक्त समस्याको कारण दैनिक भोगिरहेका हुन्छन् र ती असरहरू उनिहरूको जीवनमा देखिइरहेको हुन्छ । समस्याको वैज्ञानिक विश्लेषण गर्दा हकवालाहरूका वास्तविक आवश्यकताहरू थाहा पाउन सकिन्छ र उनिहरूले चाहेको परिवर्तन विश्लेषण गर्न सकिन्छ । यसरी समस्याहरूको विश्लेषण गरिसकेपछि मात्र मुख्य सवाल पहिचान गर्न सकिन्छ र उक्त सवालमा जनवकालत गर्ने भन्ने निर्णय गर्न सकिन्छ । समस्या विश्लेषणलाई एउटा रूखसँग तुलना गरेर हेर्न सकिन्छ । जसमा रूखको विचको भाग मूल खम्वालाई समस्या जराहरूलाई कारण र पात र फलहरूलाई असर मानेर विश्लेषण गर्ने हो भने अझ स्पष्ट हुन्छ । उदाहरणको लागि समस्या विश्लेषणलाई रूखसँग तुलना गरी प्रस्तुत गरिएको छ ।

## समस्या विश्लेषण वृक्ष




जनवकालतमा सवालको पहिचान नै सबैभन्दा मुख्य विषय हो । सवाल पहिचान भैसकेपछि र यसमा जनवकालत गर्ने भन्ने निर्णय वा प्रतिवद्धता जरूरी हुन्छ र यस्तो

प्रतिवद्धता संस्थाको नेतृत्व वा मुख्य निर्णय गर्ने ठाउँमा रहने व्यक्तिहरूले गर्नुपर्छ ।

## ख) तथ्याङ्क, सूचना र तथ्यहरूको खोजी

सवाल पहिचान गरी जनवकालत गर्ने प्रतिवद्धता व्यक्त गरिसकेपछि यससँग सम्बन्धित तथ्य र प्रमाणहरू जुटाउनुपर्छ । तथ्याङ्क, सूचना र प्रमाणहरूले सवालको वजनलाई वढाउँछ र जनवकालतको अपरिहार्यतालाई अझ बढी प्रस्ट्याउँछ । माथि 'क' मा विश्लेषण गरिएको समस्याको कारण कति मानिसहरू प्रभावित छन्, उनिहरूको जीवनमा कस्तो नकारात्मक प्रभाव परेको छ, के कस्ता विभेदहरू समाजमा भैरहेका छन् भन्ने विषयमा घटना अध्ययनहरू, पत्रपत्रिकामा आएका समाचारहरू, विद्युतीय सञ्चार माध्यमहरूबाट प्रसारित प्रतिवेदन वा समाचारहरू, तस्वीर र भिडियोहरू, विभिन्न अध्ययनहरूले देखाएका तथ्यहरूको सङ्कलन गरेर त्यसलाई दस्तावेजिकरण गरी सवाललाई वलियो बनाउनुपर्छ ताकि जनवकालत गर्ने समयमा सरोकारवालाहरू समक्ष आफ्नो सवालमा वलियो तर्क प्रस्तुत गर्न सकियोस् ।

## ग) कानुन र नीतिहरूको अध्ययन

जनवकालतलाई सफल बनाउन कानुनी वा नीतिगत व्यवस्थाहरूको ठूलो भूमिका हुन्छ । साँच्चै भन्ने हो भने धेरैजसो जनवकालत विद्यमान कानुनी र नीतिगत व्यवस्थाहरूमा नै टेकेर गर्ने गरिन्छ । तर कतिपय जनवकालतहरू नयाँ नीति र कानुन ल्याउनको लागि पनि गर्ने गरिन्छ । आफूले विश्लेषण गरेका समस्याको समाधान गर्न विद्यमान कानुनहरूमा के कस्ता व्यवस्थाहरू गरिएका छन् भन्ने अध्ययन गर्नुपर्छ र कुन कुन कानुनी व्यवस्थाहरू उक्त समस्या वा सवाल प्रति आकर्षित हुन्छन् भन्ने कुरा तय गर्नुपर्छ । कानुनको विस्तृत अध्ययन गरेपछि माथि विश्लेषण गरिएको समस्या कुन कानुनको उलङ्घन वा फितलो कार्यान्वयनले देखिएको हो भन्ने कुरा स्पष्ट हुन्छ । जनवकालतको लागि तयार गरिएको दस्तावेजमा आफुले पहिचान गरेको सवालसँग सम्बन्धित के कस्ता कानुनहरू विद्यमान छन्, विद्यमान कानुनको कसरी उलङ्घन भएको छ वा उक्त समस्या निम्त्याउनमा कानुनको कमजोर कार्यान्वयन कसरी जिम्मेवार छ भन्ने कुरा प्रस्ट रूपमा उल्लेख गर्नुपर्छ ।

**उदाहरण**

राष्ट्रिय अपाङ्ग महासंघले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासंधिको अनुमोदन गराउनको लागि निकै ठुलो पैरवी गर्‍यो । संसदवाट उक्त महासंधि पारित भैसकेपछि घरेलु कानुनहरूमा सुधार, संसोधन र परिमार्जन गर्न निकै ठुलो र वलियो कानुनी आधार प्राप्त भयो । यसै अन्तर्राष्ट्रिय कानुनमा टेकेर महासंघले फेरी नेपालको संविधानमा अपाङ्गता भएका व्यक्तिका सवालहरू समावेश गर्न र अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ लाई महासंधि अनुकुल पुनर्लेखन गर्न सरकार, राजनैतिक दल र नीति निर्माताहरू माथि वलियो दवाव सृजना गर्न सक्यो । जसको फलस्वरूप नेपालको संविधानमा अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धी केही महत्वपूर्ण प्रावधानहरू समावेश हुन सके भने अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७४ पनि पारित भयो ।

राष्ट्रिय अपाङ्ग महासंघले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासंधिको अनुमोदन गराउनको लागि निकै ठुलो पैरवी गर्‍यो । संसदवाट उक्त महासंधि पारित भैसकेपछि घरेलु कानुनहरूमा सुधार, संसोधन र परिमार्जन गर्न निकै ठुलो र वलियो कानुनी आधार प्राप्त भयो । यसै अन्तर्राष्ट्रिय कानुनमा टेकेर महासंघले फेरी नेपालको संविधानमा अपाङ्गता भएका व्यक्तिका सवालहरू समावेश गर्न र अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ लाई महासंधि अनुकुल पुनर्लेखन गर्न सरकार, राजनैतिक दल र नीति निर्माताहरू माथि वलियो दवाव सृजना गर्न सक्यो । जसको फलस्वरूप नेपालको संविधानमा अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धी केही महत्वपूर्ण प्रावधानहरू समावेश हुन सके भने अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७४ पनि पारित भयो ।

## घ) संभावित समाधान र निर्णयकर्ता

जनवकालतमा समस्या विश्लेषण, सवाल पहिचान र कानुनहरूको अध्ययन गरेर मात्र पुग्दैन । जनवकालत गर्ने संस्था वा समुहले उक्त समस्याको संभावित समाधानहरू के के हुन सक्छन् भन्ने वारेमा पनि सुनिश्चित हुनुपर्छ । यसैगरी उक्त समाधान कुन निकायबाट संभव छ ? यस विषयमा निर्णय लिने मुख्य अधिकारी को हो ? भन्ने कुरा थाहा पाउनुपर्छ । यसको लागि संस्थामा आन्तरिक रूपमा, यस विषयका जानकार विज्ञहरूसँग आवश्यक छलफल गरी सुनिश्चित हुनुपर्छ ।

## ङ) सरोकारवाला वा हकवालाको समर्थन र ऐक्यवद्धता

जुन वर्ग वा समुहका सवालहरूमा जनवकालत गरिँदैछ उनिहरुको विश्वास र समर्थन अत्यावश्यक हुन्छ । यसको लागि माथि विश्लेषण गरिएको समस्याबाट प्रभावित व्यक्ति वा समुहसँग वसेर आफुले गर्न लागेको कामको वारेमा जानकारी गराउनुपर्छ र उक्त समस्याको समाधान के गर्‍यो भने संभव छ भन्ने विषयमा उनिहरूलाई वुझाउनुपर्छ । समस्या समाधानका उपायहरूको वारेमा वुझाएपछि आफ्नो संस्थाले सो समस्या समाधान गर्न जनवकालत गर्न लागेको र त्यसको लागि हकवालाको समर्थन चाहिएको कुरा बताउनुपर्छ र समर्थन लिनुपर्छ । हकवालाको साथ र समर्थनले जनवकालत निकै प्रभावकारी हुन्छ ।

यसैगरी हकवाला मात्र नभएर जनवकालतमा अन्य विभिन्न सरोकारवालाहरू जस्तै जिल्लामा काम गरिरहेका अरू अपाङ्गता भएका व्यक्तिका संस्था, अपाङ्गता क्षेत्रमा काम गर्ने अरू गैर सरकारी संस्थाहरू, अन्य विभिन्न सामाजिक सवालमा काम गर्ने गैर सरकारी संस्था, विभिन्न औपचारिक वा अनौपचारिक समुहहरू जस्तै उपभोक्ता समिति, आमा समुह, यूवा समुह, महिला समुह आदिको पनि समर्थन जुटाउने प्रयास गर्नुपर्छ । यसको लागि उनिहरूसँग पनि आवश्यक छलफल र परामर्शहरू लिई स्वामित्व स्थापित गर्नुपर्छ ।

## च) जनवकालत गर्ने समुह वा कार्यदल

संस्थाले आफ्नो कार्यसमिति वा व्यवस्थापन समुह भित्र आवश्यक छलफल गरी जनवकालत गर्ने समुह वा कार्यदल गठन गर्नुपर्छ । कार्यदलमा नेतृत्व गर्ने व्यक्ति सवाल, समस्या, विद्यमान कानुनी प्रावधान लगायत समाधानका उपायहरूलाई सम्बन्धित निकाय तार्किक ढंगले प्रस्तुत गर्न सक्ने व्यक्ति हुनु आवश्यक छ । यस्तो कार्यदलले जनवकालतलाई व्यवस्थित तरिकाले सञ्चालन गर्छ । आवश्यकता अनुसार कार्यदलले संस्था बाहिर वा भित्रवाट कतिवेला कसलाई के कामको लागि परिचालन गर्ने भन्ने निर्णय गर्न सक्छ । जनवकालतमा आवश्यकता हेरी धेरै वा थोरै संख्यामा मानिसहरूलाई परिचालन गर्न सकिन्छ र यो काम कार्यदलले गर्छ । त्यसैले कार्यदल सानो छरितो र चुस्त हुनु आवश्यक छ ताकि आवश्यकता अनुसार विभिन्न निर्णयहरू गर्न वैठक वस्न सकोस् ।

## २. जनवकालतको विधि निर्धारण

सहि विधिको छनौटले जनवकालतमा सफल हुन निकै मद्दत गर्छ । पूर्वतयारीको काम सकिसकेपछि जनवकालतको कुन विधि अपनाउने भन्ने वारेमा कार्यदलमा, संस्थाभित्र र आवश्यक भएमा विज्ञहरूसँग पनि सल्लाह लिनुपर्छ । जनवकालतका विधिहरू स्थान, समाजिक परिवेश र कानुनी मान्यताहरू अनुसार अलग अलग र मौलिक हुन्छन् । सबैतिर मिल्ने एकै प्रकारको विधि हुँदैन । विधिहरू प्रयोग गर्दा कुन विधि पहिले प्रयोग गर्ने र कुन पछि गर्ने भन्ने पनि हुँदैन । सवालको व्यापकता, गहनता र परिस्थितिको विश्लेशण गरी उपयुक्त विधि छनौट गर्नुपर्छ । यसैगरी कतिवटा विधि प्रयोग गर्ने भन्ने पनि नियम हुँदैन । सरल विधिबाट सुरूवात गर्नुपर्छ र क्रमश अन्य विधिहरू प्रयोग गर्दै जानुपर्छ । कहिलेकाहीँ सबै विधि प्रयोग गर्दा पनि सफलता हासिल गर्न सकिन्न भने कहिले एउटै तर एकदमै सरल विधिले पनि सफलता हासिल गर्न सकिन्छ ।

राष्ट्रिय अपाङ्ग महासंघले नेपालमा अपनाएका केही सफल र प्रभावकारी विधिहरू यहाँ प्रस्तुत गरिएको छ ।

## क)  औपचारिक वा अनौपचारिक वैठक :

जहाँबाट सवाल वा समस्याको सम्बोधन गराउनुपर्ने हो उक्त निकायका सम्बन्धित पदाधिकारीहरूसँग बैठकहरू आयोजना गर्ने र आफ्ना समस्या, सवाल र तथ्यहरूको जानकारी गराउने । यस्तो जानकारी लिखित सामग्री सहित गर्दा ज्यादै प्रभावकारी हुन्छ । सवाल र समस्याहरूको प्रस्तुतिसँगै विद्यमान कानुनको आधारमा संभावित समाधान वा चाहेको परिवर्तनको वारेमा पनि प्रस्तुति गर्नुपर्छ । वैठकको अन्त्यमा सम्बन्धित निकायलाई प्रस्तुत सवाललाई सम्बोधन गर्ने कुनै प्रकारको प्रतिवद्धता दिन अभिप्रेरित गर्न सकियो भने त्यो एउटा सानो भएपनि कोशेढुंगा सावित हुनेछ ।

## ख)  पत्राचार गर्ने

जनवकालतको यो सरल र कम लागत लाग्ने विधि हो । यसमा जनवकालतको नेतृत्व लिने संस्थाले आफ्नो संस्थाको लेटरप्याडमा समस्या, सवाल, कानुनी आधारहरू खुलाएर समाधानका उपायहरू सहितका मागहरू राखि जहाँबाट सम्बोधन गराउन खोजिएको हो सो निकायलाई एक सरोकारवाला संस्थाको हैसियतले औपचारिक पत्र लेख्न सक्छ ।

## ग)  सरोकारवालासँग सार्वजनिक वहस र अन्तरकृया :

कतिपय सवालहरू यस्ता हुन्छन् जुन कुनै एक मात्र सरोकारवालाले संबोधन गर्न सक्दैनन् । यसमा विभिन्न सरोकारवाला निकायहरू संलग्न हुनुपर्ने हुन सक्छ । जस्तै उदाहरणको लागि अपाङ्गता परिचयपत्र वितरण । यसमा नगरपालिका भित्रको परिचय पत्र वितरण गर्ने निकाय, स्वास्थ्य केन्द्र, अपांगता भएका व्यक्तिका संस्था आदिको संलग्नता जरूरी हुन सक्छ । यस्ता एक भन्दा धेरै सरोकारवालाहरू संलग्न हुनुपर्ने सवालहरूमा अन्तरकृयाको आयोजना गर्नुपर्ने हुन सक्छ । अन्तरकृया गर्दा सम्बन्धित सबै सरोकारवाला निकायका प्रतिनिधिहरूलाई एक स्थानमा भेला गराई उनिहरू समक्ष समस्या र सवालहरू प्रस्तुत गरिन्छ, समाधानका उपायहरूमा खुल्ला छलफल गरिन्छ र सम्बोधन गर्ने निकायहरूमाथि प्रस्तुत सवालमा जिम्मेवार भएर

काम गर्न सकारात्मक दवाव सृजना गरी उनिहरूबाट सार्वजनिक प्रतिवद्धता लिइन्छ । अन्तरकृयामा सवाल प्रस्तुत गर्दा विषयवस्तुहरूको गहनता र यसको प्राविधिक पक्षमा विशेष ध्यान दिनुपर्छ । यस्ता प्रस्तुतिहरू यदि विज्ञहरूमार्फत गराउँदा प्रभावकारी र विश्वासिलो हुन्छ भने सो काम गर्न, गराउन पछि पर्नु हुन्न । अन्तरकृयाहरूमा हकवाला वा विभेदमा परेका समुदाय वा वर्ग स्वयंका अनुभव र आवाजहरूलाई समेत प्रत्यक्षरूपमा राख्न सकेमा अझ प्रभावकारी हुन्छ ।

**उदाहरण**

राष्ट्रिय अपाङ्ग महासंघ नेपालले अपाङ्गता सम्बन्धी छुट्टै राष्ट्रिय नीति तथा कार्ययोजना निर्माणको लागि सरकारमाथि दवाव सृजना गर्न, यसमा समावेश गर्नुपर्ने प्रावधान तथा नीतिहरूमा सबैका साझा तथा विशिष्ट प्रकृतिका सवालहरूलाई सम्बोधन गराउन र यसमा धेरै भन्दा धेरै सरोकारवालाहरूको स्वामित्व सुनिश्चित गर्न पटक पटक विभिन्न मन्त्रालय, राजनैतिक दलका प्रतिनिधि, अपाङ्गता भएका व्यक्तिका संस्थाहरू, अपाङ्गता भएका व्यक्तिहरूका लागि सेवा प्रदायक संस्थाहरू, अपाङ्गता अधिकारकर्मीहरू, वर्गीय संस्थाहरू, राजनैतिक दलका भातृ संगठनहरूसँग संयुक्त र छुट्टा छुट्टै छलफलहरूको आयोजना गरेको थियो ।

## घ) सार्वजनिक रूपमा ज्ञापन पत्र दिने

ज्ञापनपत्र जनवकालतको निकै चलेको विधि हो । यो सम्बन्धित निकायलाई खुल्ला रूपमा दिइन्छ र यसलाई सञ्चार माध्यमहरूबाट सार्वजनिक पनि गराईन्छ । ज्ञापनपत्रमा खास गरेर लिखित रूपमा समस्या, सवालहरू, समस्या वा सवालसँग सम्बन्धित तथ्य वा तथ्याङ्कहरू र मुख्य मागहरू राखिन्छ र उक्त मागहरूलाई सम्बोधन गर्न सार्वजनिक रूपमा अनुरोध गरिन्छ । ज्ञापनपत्रमा भएका कुराहरू सार्वजनिक गर्न सञ्चार माध्यमहरूको सहयोग लिइन्छ । ज्ञापनपत्र पेश गर्दा सकेसम्म संस्थाका नेतृत्व वर्ग लगायत अन्य, सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधि, उक्त

सवालमा समर्थन, सहयोग र ऐक्यवद्धता जनाउने संस्था, व्यक्ति, समुह, हकवाला समेतलाई समावेश गरेर अलि गतिलै समुह सहित पेश गर्ने प्रयास गर्नुपर्छ । किनभने यसले समस्या सम्बोधन गर्ने निकायमाथि वलियो सार्वजनिक दवाव सृजना गर्न मद्धत गर्छ भने सञ्चार माध्यमलाई पनि आकर्षित गर्छ ।

## ङ) सञ्चार माध्यमहरूको उपयोग

जनवकालतमा सञ्चार माध्यमहरूको सहयोगले निकै राम्रो भूमिका खेल्छ । सञ्चार माध्यमहरूको सहयोगमा धेरै राम्रा राम्रा परिवर्तनहरू भएका उदाहरणहरू हामी हाम्रै समाजमा पनि प्रशस्त देख्छौँ । सञ्चार माध्यमहरूबाट अपाङ्गता भएका व्यक्तिका सवालहरूलाई उठान गर्ने, सम्बोधन गर्ने निकायहरूलाई सञ्चार माध्यमहरूबाट सार्वजनिक प्रतिवद्धता गर्न लगाउने, पहिचान गरिएका समस्या र सवालहरूमा सञ्चार माध्यममा खुल्ला छलफल र बहसहरू गराई समाधानका उपायहरू खोज्ने जस्ता कामहरू गर्न सकिन्छ । यसकोलागि सबैभन्दा पहिले स्थानीय वा राष्ट्रिय सञ्चार माध्यमहरूलाई सवालको वारेमा जानकारी गराउने र अभिमुखीकरण गर्ने कार्य गर्नुपर्छ । यसपछि पहिचान गरिएका सवालहरू सञ्चार माध्यमहरू मार्फत उठान गर्न संचार माध्यमहरूसँग कसरी काम गर्ने भन्ने वारेमा आवश्यक छलफल गर्नुपर्छ । स्रोत जुटाएर सञ्चार माध्यमसँग साझेदारी गरी सवालहरू उठान गर्न पनि सकिन्छ ।

## च) प्रतिनिधिमण्डल पठाउने

प्रतिनिधिमण्डल पठाउने र सम्बन्धित निकायका अधिकारीहरूसँग छलफल गर्ने पनि जनवकालतको निकै चलेको तरिका हो । यसमा जनवकालतलाई नेतृत्व गरिरहेको संस्थाको अगुवाइमा एउटा प्रतिनिधिमण्डल तयार गरिन्छ । प्रतिनिधिमण्डल सानो वा ठूलो दुवै हुन सक्छ । सामान्यतया राष्ट्रिय अपाङ्ग महासंघले सानोमा ५ र ठूलोमा १० जना सम्मको प्रतिनिधिमण्डलको अभ्यास गर्दै आएको छ । प्रतिनिधिमण्डलको आकार सवालको व्यापकतामा पनि भर पर्छ । प्रतिनिधिमण्डल तयार गर्दा जनवकालतको लागि पहिचान गरिएका सवाल र समस्यामा सरोकार राख्ने र त्यसलाई समर्थन गर्ने विभिन्न संघ संस्था वा समुहका प्रतिनिधिहरूलाई समावेश गर्नुपर्छ र प्रतिनिधिमण्डल पठाउनु भन्दा पहिले प्रस्तुत गरिने सवाल, समस्या, तर्क, माग आदिको वारेमा सबैलाई

अभिमुखिकरण गर्नुपर्छ ताकि पछि गरिने छलफलमा प्रतिनिधिमण्डलका सदस्यहरू बीचमा नै कुरा र तर्कहरू नवाझियोस । कहिलेकाहीँ छलफलमा दुविधा र अन्यौलताहरू उत्पन्न हुन सक्छन् । यस्तोवेलामा के गर्ने भन्ने विषयमा प्रतिनिधिमण्डलाई नेतृत्व गर्ने व्यक्ति चनाखो र रणनैतिक हुनुपर्छ ।

## छ) वृहत कार्यशाला र गोष्ठीहरू

कहिलेकाँही पहिचान गरिएका सवालहरूमा सबै सरोकारवालाको समर्थन लिन, ध्यानाकर्षण गराउन सार्वजनिक प्रतिबद्धता लिन र सवालहरूलाई जनमानसमा समेत व्यापक बनाउनको लागि रणनैतिक रूपमा ठूला गोष्ठि र कार्यशालाहरू पनि आयोजना गरिन्छ । यस्ता गोष्ठी र कार्यशालाहरूमा विभिन्न सवालहरूमा विज्ञहरूबाट कार्यपत्र, अध्ययन तथा अनुसंधान सम्बन्धी प्रतिवेदनहरू प्रस्तुत गराइन्छ। सरोकारवाला, नीति निर्माता, हकवाला, विषयविज्ञ सबै बीचमा छलफलहरू गराइन्छ । छलफलको निश्कर्ष स्वरूप ठोस सिफारिसहरू तयार गरी उक्त सिफारिसहरूमा उपस्थित सबैको सहमति र स्वामित्व रहेको सार्वजनिक गरिन्छ । यस्ता सिफारिसहरूले नीति निर्माता वा सेवा सुविधाहरू उपलब्ध गराउने सरकारी निकायहरू लगायत सिफारिसहरूमा आकर्षित भएका सबै सरोकारवालाहरूलाई आफ्ना नीति र कार्यक्रमहरू मार्फत उक्त सिफारिसहरू कार्यान्वयन गराउन दवाव सृजना गर्छ ।

**उदाहरण**

सन् २०१६ को डिसेम्बर १२ र १३ मा राष्ट्रिय अपाङ्ग महासंघ नेपालले देशभरी रहेका आफ्ना सदस्य संस्थाका ३५० भन्दा बढी प्रतिनिधि र अन्य विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरू समेत गरी करिव ५०० जनाको सकृय उपस्थितिमा अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रिय मानव अधिकार भेला आयोजना गर्‍यो । विभिन्न सरकारी निकायका उच्च अधिकारी, नीति निर्माता, राजनैतिक दलका नेता, मानव अधिकार आयोगका प्रमुख अधिकारीहरू, मानव अधिकार कर्मी, नीजि क्षेत्रका

प्रतिनिधिहरू, अपाङ्गता अधिकार कर्मीहरू, अपाङ्गता भएका व्यक्तिका संस्थाका प्रतिनिधिहरू, अपाङ्गता भएका व्यक्तिका लागि सेवा प्रवाह गरिरहेका संघसंस्था, अपाङ्गता अधिकारमा काम गर्ने अन्तर्राष्ट्रिय गैर सरकारी निकायका प्रतिनिधिहरू, अपाङ्गता विषय विज्ञहरू, सञ्चारकर्मी, विश्वविद्यालयका विद्यार्थी र सञ्चारमाध्यमहरू समेतलाई सहभागी गराएको उक्त भेलाको मूल उद्देश्य अपाङ्गता भएका व्यक्तिहरूका जल्दा वल्ला सवालहरू, उनिहरूले भोगिरहेका समस्या र विभेद, सेवा सुविधामा उनिहरूको पहुँचको अवस्था, मानव अधिकारहरूमा उनिहरूको पहुँच, विद्यमान कानुनी व्यवस्थाहरू र तिनको कार्यान्वयनको अवस्था आदिको वारेमा सबै सरोकारवालाहरूको ध्यानाकर्षण गराई त्यसमा उनिहरूको स्वामित्व, ऐक्यवद्धता, समर्थन र प्रतिवद्धता हासिल गर्नु थियो । मानव अधिकार भेलाको अन्त्यमा सबैको साझा प्रतिवद्धता सहितको काठमाडौ घोषणापत्र समेत जारि गरियो जसमा विभिन्न निकाय र सरोकारवालाहरूका लागि सिफारिसहरू उल्लेख गरिएका छन् । उक्त सिफारिसहरूले सरोकारवाला निकायका लागि बाध्यात्मक कानुनी सृजना नगरेता पनि कार्यान्वयनका लागि नैतिक दायित्व भने सृजना गर्छ र यसको प्रत्यक्ष वा परोक्ष प्रभाव केही निकायहरूका कामहरूमा परेको पनि देखिएको छ । जस्तै पुनर्निर्माण प्राधिकरणले भूकम्पले नष्ट भएका सार्वजनिक संरचनाहरूको पुन निर्माण गर्दा अपांगता मैत्री बनाउने कुरामा सिफारिसलाई ध्यानमा राख्दै सरकारले तोकेको मापदण्डहरू लागू गर्न केही हदसम्म काम गरेको पाइन्छ ।

## ज) व्यक्तिगत सम्बन्धको प्रयोग

व्यक्तिगत सम्बन्धको प्रयोगलाई पनि जनवकालतको प्रभावकारी विधि मानिन्छ । जनवकालत गर्ने संस्थाका नेतृत्व वर्ग वा सदस्यहरूको वा संस्थाका सहयोगी वा शुभचिन्तकहरू मध्ये कसैको यदि पहिचान गरिएका सवाल वा समस्याको संबोधन गर्ने निकायका पदाधिकारीहरूसँग व्यक्तिगत सम्बन्ध राम्रो वा सुमधुर छ भने त्यस्ता सम्बन्धहरूको उपयोग गरेर पनि चाहेको परिवर्तन ल्याउन सकिन्छ ।

## झ) धर्ना, शान्तिपूर्ण प्रदर्शन, अनसन

यो विधि नेपालमा प्राय सबैतिर चलेको विधि हो । कहिलेकाहीँ यस्तो परिस्थिति आउँछ कि पहिचान गरिएका सवालहरू यस्ता हुन्छन् जुन सम्बोधन गर्न असाध्यै जरूरी हुन्छन् र तिनले हकवालाको जीवनमा दुरगामी प्रभाव पार्न सक्छन् तर सरल विधि अपनाएर ती सवालहरूलाई सम्बोधन गराउन सकिँदैन् । अर्थात सरल विधिहरू अपनाउँदा सम्बन्धित निकायबाट त्यसमा कुनै किसिमको सुनुवाइ नहुन सक्ने संभावना हुन्छ । कतिपय यस्ता सवालहरू अन्य वर्ग र समुहका हकमा पनि त्यतिकै महत्व राख्ने हुँदा र हरेकले चारतिरबाट आफ्नो लागि एउटै माग राखिरहने हुँदा जुन वर्गको आवाज कमजोर जस्तो हुन्छ उ पछाडि पारिने संभावना रहन्छ । जस्तै, निति निर्माण प्रकृयामा समान सहभागिता र प्रतिनिधित्वको सवाल, संविधानमा आफ्ना लागि विशिष्ट प्रावधानहरू समावेश गर्ने सवालहरू आदि । यस्तो परिस्थितिमा शान्तिपूर्ण धर्ना, जुलुस वा अनसन जस्ता कठोर विधिहरू पनि अपनाउनुपर्ने हुन्छ । यस्ता विधिहरू अपनाउँदा जोखिम मोल्नुपर्ने र राज्यबाट हिंसात्मक दमन हुने संभावना पनि त्यतिकै प्रवल हुन्छ । तर यस्ता समस्याहरूलाई न्यूनिकरण गर्न रणनीतिहरूको वारेमा पहिलेनै छलफल गरी त्यसलाई कार्यान्वयन पनि गर्दै लैजानुपर्छ । यस्ता विधिहरू कहिलेकाहीँ असफल पनि हुन सक्छन् र राज्यले दमन गरिदिन पनि सक्छ तर जनवकालत गर्ने समुह यसबाट निरास हुनुहुँदैन ।

**उदाहरण**

संविधानसभाको पहिलो र दोस्रो दुवै निर्वाचन मार्फत गठित संविधानसभामा कैयौं प्रयासहरूको बावजुद पनि अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व सुनिश्चित नभएपछि राष्ट्रिय अपाङ्ग महासंघको नेतृत्वमा विभिन्न सदस्य संस्था र विभिन्न राजनैतिक दलका अपांगता सवाल हेर्ने भातृ संस्थाको सहकार्यमा शान्तिपूर्ण सडक आन्दोलन, धर्ना र अनसन जस्ता कठोर प्रकृतिका जनवकालतका विधिहरूको प्रयोगमा ल्याइएको थियो ।

यसैगरी नेपालको संविधान २०७२ मा अपांगता भएका व्यक्तिका सवालहरूलाई समावेश गराउन पनि यस्ता विधिहरूलाई उपयोग गरिएको थियो । यस्ता विधिहरूको प्रयोगबाट कुनैवेला सफलता मिल्यो भने कुनै वेला असफलता पनि हात पर्यो ।

## ३. सरोकारवालाको विश्लेषण

पहिचान गरिएको सवाल वा समस्याले प्रभाव पार्ने र त्यसले आकर्षित गर्ने सबै व्यक्ति, समुह, संस्था वा निकाय सबै सरोकारवाला हुन् । सरोकारवालामध्ये कोही सवाल उठाउने वा माग राख्ने हुन्छन् भने कोही सम्बोधन गर्ने हुन्छन् । यस अर्थमा हेर्दा सरोकारवालहरू सरकारी निकाय, गैर सरकारी निकाय, नीजि क्षेत्र, नागरिक समाज, अन्तर्राष्ट्रिय निकाय सबै हुन सक्छन् । तर उठान गरिएको विषय वस्तु वा सवालसँग सबै सरोकारवालाको निकटता वा सम्बन्ध एकै किसिमको भने हुँदैन । पहिचान गरिएको सवालसँग कुनै सरोकारवाला निकै नजिक हुन्छ भने कोही टाढा हुन्छ । तसर्थ जनवकालत गर्दा आफ्नो सवालसँग सबैभन्दा नजिकको सम्बन्ध राख्ने, मध्यम स्तरको निकटता भएको र टाढाको सम्बन्ध राख्ने सरोकारवाला पहिचान र विश्लेषण गर्नुपर्छ । जनवकालत गर्दा सवालसँग नजिकको सम्बन्ध राख्ने सरोकारवालाहरूलाई सबैभन्दा बढि साथ लिएर काम गर्दा धेरै फलदायी हुन्छ ।

## ४. स्रोत व्यवस्थापन

जनवकालतका कामहरू सञ्चालन गर्न आर्थिक, प्राविधिक र मानवीय स्रोतको आवश्यकता पर्छ । स्रोतको मात्रा कति आवश्यक पर्छ भन्ने कुरा अपनाइने जनवकालतको विधि र पूर्वतयारीका लागि सञ्चालन गरिने कृयाकलापमा निर्भर गर्छ । तसर्थ पूर्वतयारीसँग र विधिसँग सम्बन्धित कृयाकलापहरू तय गरी आवश्यक स्रोतको अनुमान गर्नुपर्छ । कतिपय कामहरू स्वयंसेवकहरूको सहयोगमा गरेर पनि लागत प्रभावकारी बनाउन सकिन्छ । अपाङ्गता भएका व्यक्तिका संस्थाहरू गैर नाफामुलक संस्था भएको हुनाले उनिहरूको आफ्नो नियमित आय हुँदैन । त्यसैले दाता, साझेदार निकायसँगको साझेदारी , चन्दा, श्रमदान वा निःशुल्क प्राविधिक

सहयोगहरूको उपयोग गरेर नै यस्ता कामहरू सञ्चालन गर्नुपर्ने हुन्छ । यसकालागि जनवकालत गर्ने संस्थासँग प्रस्ताव पत्र तयार गर्ने, साझेदारहरू समक्ष प्रस्ताव पत्रहरू प्रस्तुत गर्ने, वैठक तथा छलफलहरू चलाउने, चन्दा लगायत विभिन्न विकल्प अपनाइ चन्दा सङ्कलन गर्ने वा उपलब्ध मानवस्रोतलाई परिचालन गर्न सक्ने जस्ता क्षमताहरू कुनै न कुनै रूपमा हुनैपर्छ र छैन भने यस्ता क्षमताको विकास गर्नु पर्छ ।

## ५. योजना निर्माण

जनवकालत एक योजनावद्ध कार्य हो । जनवकालत सम्बन्धी कुनै पनि कामहरू योजना बनाएर गर्नु पर्छ । जनवकालतसँग सम्बन्धित कृयाकलापहरूको निर्धारण गरिसकेपछि कुन कृयाकलाप, कहिले, कहाँ, कसरी र कसको नेतृत्वमा सञ्चालन गर्ने र कति बजेट खर्च गर्ने भन्ने कुरा उल्लेख गरी योजना निर्माण गर्नुपर्छ ।

| क्रम | कृयाकलाप | संख्या | मिति | स्थान | पद्धति | सहभागी | जिम्मेवार व्यक्ति | बजेट |
|---|---|---|---|---|---|---|---|---|
| १ | नगरपालिकाको मेयरसँग वैठक | १ | २०७४ साल मंसिर ५ | नगरपालिकाको कार्यालय | छलफल | १ जना | संस्थाको अध्यक्ष | १००० |
| २ | नगरपालिकामा ज्ञापन पत्र वुझाउने | १ | २०७४ साल मंसिर ८ गते | नगरपालिकाको कार्यालय | लिखित ज्ञापन पत्र मेयरलाई हस्तान्तरण | २० जना | संस्थाको अध्यक्ष | ५००० |
| ३ | पत्रकार सम्मेलनको आयोजना | १ | २०७४ साल मंसिर १० गते | संस्थाको कार्यालय | लिखित मागपत्र संचारमाध्यमबाट सार्वजनिक गर्ने | १० जना पत्रकार सहित ४० जना | महासचिव | १०००० |

## ६. संभावित चुनौतिहरूको विश्लेषण र न्यूनिकरणका उपायहरूको पहिचान

जनवकालतका कामहरू चुनौतिपूर्ण हुने गर्छन् । आफ्ना सवालहरूलाई सरोकारवालाहरूले सहजै स्वीकार नगर्न सक्छन् र सम्बोधन गर्ने निकायले पनि सहजै तरिकाले सकारात्मक रूपमा नलिन पनि सक्छ । कहिलेकाहीँ सवाल उठान गर्न हकवाला

र सरोकारवालाहरूको पर्याप्त समर्थन पाँइदैन भने कहिलेकाहीँ जनवकालतलाई कसले नेतृत्व लिने भन्ने विषयमा पनि विवाद हुनेगर्छ । यस्तै कहिलेकाहीँ जनवकालतका कामहरूले लामो समय पश्चात पनि कुनै परिणाम दिन सकेन भने समर्थकहरूले साथ छोड्छन् भने कहिले सबै काम भईसकेर समाधानका उपायहरू खोज्ने बेलामा विवाद उत्पन्न भएर छलफलमा रहेका विभिन्न पक्षहरूका वीचमा तनावको स्थिति पनि उत्पन्न हुन सक्छ । धर्ना, जुलुस, अनसन जस्ता विधिहरू अपनाउँदा अप्रीय घटनाहरू पनि घट्ने र जनधनको क्षति हुने पनि हुन सक्छ । तसर्थ जनवकालतका विभिन्न विधिहरू अपनाउनु भन्दा पहिले नै यस्ता संभावित चुनौतिहरूको पूर्वानुमान गर्ने र त्यस्ता चुनौतिहरू आउन सक्ने संभावना कत्तिको छ या छैन भन्ने विषयमा सुनिश्चित हुनुपर्छ । यदि कुनै प्रकारको चुनौति वा जोखिम आउन सक्ने संभावना देखिन्छ भने जनवकालत सम्बन्धी कार्यदलले उक्त जोखिम न्युनिकरण गर्ने उपायहरूको वारेमा पहिले नै तयारी गर्नुपर्छ । जस्तै विधि परिवर्तन गर्ने, जनवकालतका कामहरूलाई केही समय स्थगित गर्ने, थप अभिमुखीकरण गर्ने, आफ्नो क्षमतामा थप विकास गर्ने, सकारात्मक वातावरण निर्माण गर्ने आदि ।

## ७. जनवकालतको कार्यान्वयन

कृयाकलापहरूको निर्धारण, स्रोतको व्यवस्थापन र कार्ययोजना निर्माण गरिसकेपछि कार्ययोजना अनुसार कृयाकलापहरूलाई कार्यान्वयन गर्नुपर्छ । कृयाकलापहरू कार्यान्वयन गर्न आवश्यक कार्यक्रमगत र प्रशासनिक तयारीहरू पुरा गर्नुपर्ने हुन्छ । जस्तै आवश्यक दस्तावेजहरू तयार गर्ने, प्रिन्ट वा फोटोकपी गर्ने, हस्ताक्षर गर्ने वा छाप लगाउने, प्रकृयाहरू पुर्याई रकम निकासा गरी पेश्की दिने जस्ता कामहरू । कृयाकलापहरू कार्यान्वयन गर्दा रूजु सूची (Check List) बनाई काम गर्दा निकै प्रभावकारी हुन्छ । रूजु सूची कृयाकलापको आकार अनुसार ठूला र साना हुन्छन् । जस्तै उदाहरणको लागि माथि नमुना कार्ययोजनामा रहेको कृयाकलाप नं १ को कार्यान्वयनको लागि रूजु सूचि तयार गरेर हेरौँ ।

**कृयाकलापको नाम:** नगरपालिकाको मेयर सँग बैठक
**जिम्मेवार व्यक्ति:** संस्थाको अध्यक्ष

| क्रम | गर्नुपर्ने कामहरू | कार्यान्वयनको अवस्था उपयुक्त कोठामा ✓ लगाउने | | |
|---|---|---|---|---|
| | | गरिसकेको | गर्न बाँकी | गर्न नसकिने |
| १ | मेयरसँग समय लिने काम | ✓ | | |
| २ | मेयरलाई भेट्न आउने बारेमा पूर्व जानकारी | ✓ | | |
| ३ | मेयरसँग छलफल गर्नुपर्ने विषय वा एजेन्डाको तयारी | ✓ | | |
| ४ | मेयरलाई वुझाउनुपर्ने पत्र वा कुनै दस्तावेज वा सामग्री प्रिन्ट वा फोटोकपी | ✓ | | |
| ५ | प्रिन्ट गरिएको सामग्री पत्र वा दस्तावेजमा संस्थाको आधिकारिक छाप वा हस्ताक्षर | ✓ | | |
| ६ | वैठकमा सहभागी हुने अन्य सदस्यहरूको वारेमा निर्णय | ✓ | | |
| ७ | वैठकमा सहभागी हुने अन्य सदस्यहरूलाई वैठकको एजेण्डा, समय र स्थानको जानकारी सहित निमन्त्रणा | ✓ | | |

माथिको रूजु सूचीमा भएजस्तै सबै तयारीका कामहरू समयमै पुरा गरिसकेपछि मेयर सँगको वैठक सहज, प्रभावकारी र उपलब्धीमुलक हुन्छ ।

## ८. मुल्याङ्कन तथा समिक्षा

कृयाकलाप सम्पन्न गरिसकेपछि यसको छोटो मुल्याङ्कन वा समिक्षा गरियो भने अर्को पटक गरिने कृयाकलाप अझ प्रभावकारी बनाउन सहयोग पुग्छ । समिक्षा जनवकालत कार्यदल, जनवकालतमा संलग्न कार्यसमिति पदाधिकारी वा व्यक्तिहरू र सम्बन्धित कर्मचारीहरूका बीचमा गर्नुपर्छ र समिक्षा गर्दा मुख्य रूपमा देहायका विषयहरूमा केन्द्रित हुनुपर्छ ।

क) कृयाकलापको सवल वा सकारात्मक पक्षहरू के के रहे ?
ख) के अपेक्षा गरेजस्तो उपलब्धी आयो त ?
ग) हाम्रो कामको वारेमा कस कसले कस्ता कस्ता प्रतिकृया दिए ?
घ) के कस्ता कमि कमजोरीहरू भए ?
ङ) सिकाइ पनि केहि भयो कि ?
च) आगामी कृयाकलापलाई अझ प्रभावकारी बनाउन के गर्ने ?

## ९. फलोअप

जनवकालतमा फलोअप (Follow up) निकै महत्वपूर्ण काम हो । जनवकालतमा कुनै एउटै कृयाकलाप गरेर वा एकैपटकमा चाहेको परिणाम ल्याउन सकिँदैन । चरणवद्ध कामहरू गर्नुपर्छ । कृयाकलाप सम्पन्न गरिसकेपछि त्यसको फलोअपको योजना तयार गर्नुपर्छ । फलोअपले जनवकालतको काम गरिसकेपछि त्यसको परिणाम आइरहेको छ कि छैन भन्ने कुरा थाहा पाउन सहयोग गर्छ । जस्तै, उदाहरणका लागि माथि ८ नम्बरमा हामीले नगरपालिकाको मेयरलाई भेटेर हाम्रा मागहरू राख्यौं । तर यसपछि चुपलागेर वस्ने होइन । मागहरू राख्दैमा त्यहाँबाट पुरा भैहाल्छ भन्ने हुँदैन । त्यसैले हामीले माग राखेपछि नगरपालिकाले हाम्रा मागहरूलाई गम्भीरतापूर्वक लिइराखेको छ कि छैन त्यसको जानकारी लिनुपर्छ । यसको लागि नगरपालिकाको मेयर वा सम्बन्धित कर्मचारी वा व्यक्तिसँग निरन्तर सम्पर्क गर्नुपर्छ । यदि मागहरूलाई गम्भीरतापूर्वक लिइएको छैन र त्यसमा कुनै चासो राखिएको छैन भन्ने लागेमा ध्यानाकर्षण गराउन जनवकालतको अर्को विधि अपनाउनुपर्ने हुन्छ । यसैगरी यदि नगरपालिकाले मागहरूलाई सकारात्मक रूपमा लिएर कामहरू केही अगाडि वढाउन थालेको रहेछ भने त्यो हाम्रो लागि उपलब्धी हो र त्यसमा संस्थाले अझ थप के गर्न सक्छ वा नगरपालिकालाई कसरी सघाउन सक्छ त्यसवारेमा सोच्न थाल्नुपर्छ ।

## १०. जनवकालत गर्ने व्यक्तिले आफुमा विकास गर्नुपर्ने कुराहरू

जनवकालत गर्ने व्यक्ति कुनै वाहिरी संसारवाट आउने होइन । उ हामीबीचकै कोही हुन्छ । राष्ट्रिय अपाङ्ग महासंघको अनुभवमा जनवकालत गर्ने व्यक्तिले न्युनतम पनि देहाय बमोजिमका कुराहरू आफ्नो व्यवहार, व्यक्तित्व र सोचमा सुनिश्चित गर्नु आवश्यक छ ।

क) समस्याको विश्लेषण गर्ने सक्ने र समस्यालाई प्रभावकारी ढंगले अरूका अगाडि राख्न सक्ने हुनुपर्छ । कानुन र नीतिगत ज्ञान तथा जानकारीहरूमा आफूलाई अध्यावधिक र चुस्त राख्नुपर्छ ।

ख) जनवकालत गर्ने व्यक्तिमा तथ्य र प्रमाणमा आधारित रहेर सभ्य तरिकाले तर्कहरू राख्ने क्षमता र स्वभाव आवश्यक हुन्छ ।

ग) जनवकालतमा पटक पटक असफलता मिल्न सक्छ तर उठान गरेका सवाल जायज अनि नीति र कानुनसम्मत छन् भने धैर्यता गुमाउनु हुँदैन र निराश बन्नु हुँदैन

घ) हिंसात्मक स्वभाव, धम्कीको भाषा, गालीगलौजले जनवकालतमा परिणाम ल्याउन भन्दा पनि नल्याउनमा बढी मद्दत हुन्छ । त्यसैले सकेसम्म यस्ता कुराहरूलाई आफूवाट टाढा राख्ने प्रयास गर्नुपर्छ ।

ङ) जनवकालत गर्ने व्यक्तिले सामुहिक स्वार्थको लागि वोल्नुपर्छ र उसमा धेरै भन्दा धेरै सरोकारवालाहरूलाई समेटेर आफ्नो सवालमा समर्थन जुटाउन सक्ने क्षमता हुनुपर्छ ।

च) अरूका कुरा सम्मानपूर्वक राम्रोसँग सुन्ने र आफ्नोकुरा प्रष्टसँग राख्ने स्वभाव हुनुपर्छ

छ) अप्ठयारो परिस्थितिमा उपयुक्त निर्णय लिन सक्ने र द्वन्द्व वा तनावको स्थिति आएमा त्यसलाई न्यूनिकरण गरी वातावरणलाई सकारात्मक बनाउन सक्ने क्षमता चाहिन्छ ।

ज) कुटनैतिक कला, सम्बन्ध विकास गर्ने सीप र मिलनसारिता भएको व्यक्तिले जनवकालतलाई राम्रोसँग हाँक्न सक्छ ।

झ) विभिन्न तरिकाहरू प्रयोग गरेर अरूलाई कुरा वुझाउन सक्ने र आफ्नो सवालको पक्षमा ल्याउन सक्ने क्षमता हुनुपर्छ ।

ञ) समाधानका उपायहरू पहिल्याउन सक्ने र यसका लागि पर्याप्त वहस र छलफल गर्न इच्छुक उत्साहित हुनु पर्छ ।

## ११. के गर्नु जनवकालत होइन

कहिलेकाहीँ के जनवकालत हो र के होइन भन्ने बारेमा अन्यौलता हुनेगर्छ । तसर्थ के कस्ता कामहरू जनवकालत अन्तर्गत पर्दैन भन्ने बारेमा थाहा पाउनु जरूरी हुन्छ । सामान्यतया देहायका कुराहरू जनवकालत होइनन् ।

· कार्यक्रमको प्रचारप्रसार गर्नु वा कार्यक्रमको वारेमा जानकारी गराउनु
· कुनै विषयमा जनचेतना जगाउनु
· कुनै विषयमा अभिमुखीकरण गर्नु , जानकारी दिनु वा शिक्षा दिनु
· संस्थाको कोषवृद्धिको लागि पहल गर्नु र संस्थाको लागि कोष प्राप्त गर्नु

## १२. जोखिमको विश्लेषण र व्यवस्थापन

जनवकालत गर्दा पनि विभिन्न किसिमका जोखिमहरू आइलाग्छन् । जनवकालत गर्दा विरोध गर्ने र सफल हुन नदिने समुह र शक्तिहरू पनि हुन्छन् । कतिपय अवस्थामा सरकार वा राजनैतिक दलहरूलाई पनि यस्ता आवाजहरू तत्काल नउठिदिए हुने थियो भन्ने लागेको पनि हुन्छ । कहिलेकाहीँ अपाङ्गता भएका व्यक्ति, महिला वा बालबालिका विरूद्ध हुने हिंसाका विरूद्धमा आवाज उठाउँदा वा जनवकालत गर्दा त्यसका विरोधी शक्तिहरू पनि त्यत्तिकै हावी हुने प्रयास गर्छन् । कहिलेकाहीँ देशको वदलिँदो राजनैतिक परिस्थितिले अपाङ्गता भएका व्यक्ति वा सिमान्तकृत समुहका आवाजलाई राज्यले प्राथमिकतामा राख्दैन ।

**उदाहरण**

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी विधेयक व्यवस्थापिका संसदमा दर्ता भएर पनि निकै लामो समयसम्म पारित हुन सकेन । यसको एउटा महत्वपूर्ण कारण देशको वदलिँदो राजनैतिक परिस्थिति थियो । मधेशका मुद्दा, संविधान संशोधनको विषय आदिमा राजनैतिक दल र सरकार विच विभिन्न किसिमका विवादहरू हुने, बारम्वार सरकार वदलिरहने आदि कारणले सरकारका सबै निकायको ध्यान देशको राजनितिले खिचेको थियो । लामो समयसम्म राजनैतिक दलहरूको विवादले संसद अवरूद्ध पनि भयो । यसैगरी स्थानीय चुनावको घोषणासँगै फेरी सरकार लगायत सबैको ध्यान चुनावको तयारी तर्फ लाग्यो । यी विभिन्न कारणले गर्दा ऐनले संसदमा कुनै प्राथमिकता पाउन सकेन

यस्ता कुराहरूले जनवकालतका सवालहरू कहिलेकाहीँ जोखिममा पर्न सक्छन् । तसर्थ संभावित जोखिमको अनुमान गर्ने र जोखिमहरू आइहालेमा त्यसबाट बच्नको लागि के रणनीति लिने भन्ने वारेमा संस्थाभित्र र जनवकालत गर्ने समुह बीचमा आवश्यक छलफलहरू हुनु जरूरी हुन्छ । यसको लागि संभावित विरोधीहरू पहिचान गर्ने, राजनैतिक परिस्थितिको विश्लेषण गर्ने र त्यस्ता परिस्थितिहरूसँग जुध्ने रणनीति पहिले नै तय गर्नुपर्छ ।

## १३. देहाय बमोजिमका सम्बन्धहरुले जनवकालतलाई मद्धत गर्न सक्दछ ।

१. राजनैतिक दलका नेताहरूसँगको व्यक्तिगत चिनजान, उठवस र आपसी सहकार्य
२. सरकारी सेवामा काम गर्ने उच्च तहका कर्मचारीहरूसँगको व्यक्तिगत वा संस्थागत सम्बन्ध चिनजान वा सहकार्य ।
३. सञ्चार माध्यमका कर्मचारी, पत्रकार, सम्पादकहरूसँगको व्यक्तिगत वा संस्थागत चिनजान तथा सहकार्य ।
४. सांसद र जनप्रतिनिधिहरूसँगको चिनजान र आपसी सम्बन्ध
५. आफ्ना साथिभाइ वा नातेदारहरूको चिनजान र व्यक्तिगत सम्बन्धलाई पनि जनवकालतको परिणाम ल्याउनमा प्रयोग गर्न सकिन्छ ।

## १४. जनवकालतको सफलता वा असफलता पछिको दायित्व

जनवकालत एउटा निरन्तर चलिरहने प्रकृया हो । जनवकालतका क्रममा आर्थिक लगायत मानवीय प्राविधिक सबै किसिमका श्रोतहरुको उपयोग भएको हुन सक्दछ । त्यसैले पैरवीको एउटा चरण वा क्रम सकिएपछि त्यसको सफलता असफलता वा उपलब्धीको समिक्षा गर्नुछ । साथै उपयोग भएका सबै श्रोतहरूको समिक्षा र मुल्याङ्कन गर्नुपर्छ । जनवकालत गर्ने समुहले सफलता र असफलता दुबैको दायित्व वा श्रेय लिनुपर्छ । सफलता भएमा त्यसलाई कसरी निरन्तरता दिने र असफलता हात लागे त्यसको कारण पहिचान गरी रणनीति कसरी परिवर्तन गर्ने भन्ने वारेमा निर्णय गर्नुपर्छ ।

# खण्ड
# ग

# अपाङ्गता अधिकार

## अभियानकर्ता र विज्ञहरूको नजरमा

## महासंघले गरेको जनवकालत

# १.    भूमिका

यस खण्डमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको क्षेत्रमा लामो समयदेखि काम गरिरहेका  र जनवकालतका कार्यहरूमा संलग्न रहिरहनुभएका अपाङ्गता अधिकारकर्मी र विज्ञहरूले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको रक्षाको लागि गरिएका जनवकालतमा महासंघको भूमिकाको वारेमा राखेका विचार र तथ्यहरूलाई समावेश गरिएको छ । जनवकालत विभिन्न सवालहरूमा हासिल गरेका सफलता र महासंघको भूमिकाको वारेमा वहाँहरूले लेखेका लेखहरूलाई जस्ताको तस्तै राखिएको छ ।

सर्वप्रथम अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संबन्धी ऐन संसदबाट पारित गराउन सफल हुनुभएकोमा नेपाली अपाङ्गता जगतका नेतृत्वलाई हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । दोश्रो, नेपालका अपाङ्गता भएका व्यक्तिहरु अधिकार सम्पन्न हुनुभएकोमा हार्दिक बधाई दिन चाहन्छु । ऐन र समग्र प्रकृयासँग गासिएका समग्र प्रयासहरु र संघर्षका श्रृङखलालाई लिपिवद्ध गर्ने कार्यमा म आफूलाई अधुरो नै संझन्छु । यो आलेखमा मैले जति नै नखरा पारे पनि नेपाली अपाङ्गता जगतका मुर्धन्य व्यक्तित्वहरुका सामु अपूरो नै ठहरिन्छ । किनकी उहाँहरु नै नेपाली अपाङ्गताको आन्दोलनको

# यसरी संभव भयो अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७४

**- शिव रायमाझी**

कुरो कताबाट शुरु गरौं जस्तै भएको छ । राष्ट्रिय अपाङ्ग महासंघले सो ऐनका उतारचढाव, आरोह-अवरोहरु एबं समग्र प्रकृयाहरुको संष्लेषण गरी यथार्थपरक लेख उर्तान अनुरोध गरेकोमा कार्यरत संस्था र मेरो तर्फदेखि हार्दिक आभार व्यक्त गर्न चाहन्छु । मैले यो लेख मार्फत जति नै प्रयास गरे पनि सो सिङ्गो र पूर्ण साक्षी हुनुहुन्छ । उहाँहरु प्रति नमन । भोगाईको कमी र सबैखालका घटना/परिघटनाहरुको साक्षी बस्न संभावना नहुने वा नमिल्ने हुँदा थुप्रै कुराहरु छुट्नु स्वभाविक नै भएकोले यो लेखलाई त्यसरी नै बुझीदिनु हुन अनुरोध छ ।

म र म कार्यरत सँस्था माईर्राईट

(My Right) साक्षी बसेको दिनबाट कुरा शुरु गर्न चाहन्छु । अपाङ्गता जगतमा कुरो हुँदै थियो की नेपालमा अपाङ्ग कल्याण तथा संरक्षण ऐनलाई पुनःलेखन गर्नका लागि विगतमा करिब ४-५ पटक प्रयासहरु भए यद्यपि कुनैपनि प्रयासहरु कामयाव हुन सकेनन् । विभिन्न क्षेत्र, तह र तप्काका व्यक्तिहरु र सस्थाहरुको प्रयास जारि नै थियो । समयको क्रमसँगै सन् २००९ को डिसेम्बर २७ तारिखका दिन नेपालको संसदले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संबन्धी संयुक्त राष्ट्र संघीय महासन्धि अनुमोदन गर्यो । उक्त महासन्धिको अनुमोदनले एकातर्फ नेपाली अपाङ्गता जगतलाई थप सशक्त बनाई निक्कै नै हौस्यायो भने यसको घरेलुकरणका लागि नेपाल सरकारलाई थप दबाब पुर्यायो । त्यसको एकमात्र विकल्प भनेको विद्यमान अपाङ्ग संरक्षण तथा कल्याण ऐनको पुनर्लेखन नै थियो । सन् २०११ को समय हुनुपर्छ जतिबेला माईर्राईटको कार्यक्रमलाई नेपाल सरकारको उच्चस्तरीय संयन्त्रबाट पारित गर्ने कामको चटारो थियो । यसक्रममा नेपाली अपाङ्गता आन्दोलनका नेतृत्वहरु, नेतृत्वदायी सँस्थाहरु, साझेदार सँस्थाहरु र सम्बद्ध सरकारी निकायहरुसँग महासन्धिको घरेलुकरण सम्बन्धी नेपालको ३३ वर्ष पुरानो ऐनलाई प्रतिस्थापन गरी नयाँ ऐन लेखनको प्रकृया शुरु गर्न सकिन्छ की भन्ने विषयमा बहस चल्यो । सबै पक्षबाट सो कामलाई एक उच्चतम सम्भावनायूक्त विकल्पको रुपमा परियोजनामा व्यवस्था गरिनु पर्छ भन्ने सल्लाह र सुझाव अनुरुप अपाङ्ग संरक्षण तथा कल्याण ऐनलाई अधिकारमुखी अवधारणा र सिआरपिडीको मर्म र भावना अनुरुप पुनलेखन गर्ने सहमति भयो । सोहि म्यान्डेट र सहमतिलाई माईर्राईट र समाज कल्याण परिषदसँग भएको परियोजना संझौतामा प्रतिविम्बित गरियो ।

सन् २०११ को नोभेम्बर महिनामा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले स्वयं मन्त्रालयका सम्बंधित महाशाखा हेर्ने सह-सचिवको संयोजकत्वमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, कानून तथा न्याय मन्त्रालय र राष्ट्रिय अपाङ्ग महासंघका प्रतिनिधिहरु सम्मिलित पाँच सदस्यीय विशेषज्ञ कार्यदल, र विभिन्न सरकारी निकायहरु, सबै प्रकृतिका अपाङ्गताका वर्गहरु र अधिकारको क्षेत्रमा कार्यरत अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित संस्थाहरू लगायत अपाङ्गताको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी सँस्थाहरु सम्मिलित ४५ सदस्सीय निर्देशक समिति गठन गर्यो । विशेषज्ञ कार्यदलले

आपसी परामर्शमा प्रस्तावित विधेयकको प्रारम्भिक खाका तय गर्ने र उक्त मस्यौदालाई निर्देशक समिति समक्ष छलफल गर्ने कार्यहरु भए । निर्देशक समितिको पहिलो बैठक २०६८ मंसिर २१ गते महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको पुरानो भवन (हाल सो भबन भत्काई सकिएको) मा भएको थियो । पटक पटकका परामर्शहरुका प्रकृयाहरु जारि नै रहे । सोहि क्रममा पुर्वाञ्चल र मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा पनि स्वयं महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र राष्ट्रिय अपाङ्ग महासंघको नेतृत्वमा क्षेत्रीय परामर्श गोष्ठिहरु सम्पन्न भए । परामर्शकै क्रममा २०६८ माघ ९ गते तत्कालिन माननीय मन्त्रि र राज्यमन्त्रि लगायत सिंगो मन्त्रालय, अन्य मन्त्रालयहरु र विभाग/निकायहरु, डि.पि.ओ.हरुका प्रतिनिधिहरु सहित करिब १०३ जनाको उपस्थितिमा केन्द्रिय तहको परामर्श गोष्ठि सम्पन्न भयो । माननीय मन्त्रिज्यू, राज्य मन्त्रिज्यू लगायत मन्त्रालयको सिंगो टोलिले सो ऐनलाई सक्दो छिटो संसदबाट पारित गर्ने प्रतिवद्धता जाहेर गर्यो ।

प्रकृया अगाडि बढ्दै थियो । विभिन्न मन्त्रालयबाट सुझाव लिने क्रम सकिएपछि ऐनले संसद तर्फ जाने बाटो तताउदै थियो । मन्त्रालयका विविध र लामा प्रकृयाहरु एकपछि अर्को गर्दै पार गर्दै थियो । सोहि समयमा जेष्ठ २०६९ मा तत्कालिन संबिधान सभा विघटन भयो र देश अर्को संबिधानसभाको निर्बाचनमा होमियो । मस्यौदा ऐनको भविष्य के हुने भन्ने कुरा अन्योलमा पर्यो । यसले नेपाली अपाङ्गता कर्मीको आशामा तुषारापात भयो । तैपनि आशाको दियो बलि नै रह्यो ।

जेष्ठ २०६९ देखि दोश्रो संबिधान सभाको चुनावी प्रकृया शुरु हुने मितिसम्म राष्ट्रिय अपाङ्ग महासंघको पहलमा कतै उक्त विधेयकलाई अध्यादेशको रुपमा ल्याउन सकिन्छ की भनि विभिन्न प्रयासहरु भए । यस क्रममा सम्माननीय राष्ट्रपतिज्यू समक्ष भेटघाट गर्ने लगायत राजनीतिक दलका शक्तिकेन्द्रहरु समक्ष कैयन पटक धाउने काम समेत भयो । यद्यपि कहि कतैबाट पनि सन्तोषको श्वास फेर्ने कुनै तुरुप पाईएन । राजनीतिक दलको बिचको मतभेदका कारण पहिलो पटक तोकिएको समय सीमा भित्र संविधानसभाको चुनाव त नहुने नै भयो । फलस्वरुप सरकार फेर्ने गृहकार्यहरु हुन थाले । माघ २०६९ मा सरकार परिवर्तन भयो । यस्ता परिघटनाहरुले ऐनको विषयलाई सँधै नै ओझेलमा पारिरह्यो । यद्यपि राष्ट्रिय अपाङ्ग महासंघ नेपालले प्रस्तावित मस्यौदा ऐनमा थप परामर्श

गर्ने, छुटेका विषयवस्तुहरु थप गर्ने र थप परिष्कृत गर्ने कार्य लगायत विधेयकलाई अध्यादेशबाट जारि गर्न सकिने संभावनाहरुको खोजिकार्य जारि नै राख्यो ।

२०७०को मंसीर महिनामा दोश्रो संबिधान सभाको चुनाव भयो । चुनावी प्रकृया सम्पन्न भई सरकार गठन गर्ने कार्य सम्मका लागि ४ महिनाको समय लाग्यो अर्थात २०७० को चैत्र महिना सम्म । अपाङ्गता कर्मीहरुलाई छिटो सरकार गठन होस् र विधेयकले गति लियोस भन्ने आतुरी हुदाँहुदै पनि चुनाव सम्पन्न गरी नयाँ सरकार गठन गर्ने आफ्नै तरिका हुने हुनाले हतारो गर्नुको कुनै तुक थिएन । नयाँ सरकारको गठन भयो । जब विधेयकलाई संसदमा लैजाने प्रकृयाको थालनी गर्न शुरु भयो, अनि मात्र थाहा भयो की उक्त विधेयक लेखनका लागि मन्त्रि परिषदबाट सैद्धान्तिक सहमति नै दिईएको रहेनछ । महासंघको नेतृत्वले आफ्ना संयन्त्रहरु र भातृ संस्थाहरुको परिचालन गरी सरकारमा दवाब सृजना गरेपछि उक्त ऐनको लागि मन्त्रि परिषदको सैदान्तिक सहमति प्राप्त गर्न सफलता मिल्यो  जसले प्रकृयागत अन्योलताहरुको पनि स्वतः निरुपण गर्यो । देशको प्रमुख प्राथमिकता नयाँ संबिधान लेखन भएको र सो समयमा नयाँ संविधानमा अपाङ्गता अधिकारका सवालहरु राख्नुपर्ने भएकोले र २०७२ को विनाशकारी भुकम्पका कारणले भाद्र २०७२ सम्म विधेयकको विषयमा वकालत गर्ने संभावना भएन वा अनुकूल समय रहेन । नयाँ संविधान जारि भए सँगै नयाँ सरकार गठन भयो । तत्कालिन उप-प्रधान तथा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रिज्यूबाट कार्तिक २०७२ मा उक्त विधेयकलाई संसदमा दर्ता गर्ने काम भयो । संसदमा दर्ता भईसकेपछि विधेयकले स्वतः गति लिने होला भन्ने ठानिएको थियो यद्यपि करिब ६-७ महिनाको अवधिमा पनि सो ऐनले दर्ता हुनु बाहेक अन्य कुनै प्रगति लिन सकेन । कारण, संसदमा दर्ता गरिसकेपछि पनि पुनः उक्त विधेयकलाई सम्बन्धित मन्त्रिले व्यवस्थापिका संसदको बैठकमा टेबल गर्नुपर्ने रहेछ जुन कार्य असोज २०७३ मा तत्कालिन सरकार विघटन भई अर्को सरकार गठन भईसकेपछि मात्र सम्भव भयो । संसदमा सैद्धान्तिक छलफल र ७२ घण्टे संशोधन समय तोकि प्राप्त सुझाबहरु सहित कार्तिक २०७३ मा संसदकै जेष्ठनागरिक, महिला, बालबालिका र समाजकल्याण समितिमा पठाईयो । समितिमा गईसकेपछि विधेयकको गाँठो फुक्ला भनेर आशा गर्नु स्वभाविकै थियो यद्यपि उक्त विधेयकले अन्य नसोचेका जटिल परिस्थितिहरुको

सामना गर्नपुग्यो । कारण अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संबन्धी विधेयकमा राजनीतिक दलको सहानुभूति र प्राथममिकता दिइएको भन्ने याचना भए पनि सो समितिमा विचाराधिन अन्य विधेयकहरुमा विभिन्न राजनीतिक दलहरुका फरक फरक धारणा भएका कारण सोहि चक्रव्युहमा विधेयक फस्न पुग्यो । डि.पि.ओ.नेतृत्वहरु, खासगरी राष्ट्रिय अपाङ्ग महासंघका अध्यक्ष, महासचिव लगायत भातृ संस्थाका नेतृत्वहरुको निरन्तर वकालत, भेटघाट र कार्यसम्बन्धले गर्दा समितिमा पठाएको करिब ५ महिनामा अर्थात चैत्र २०७३ मा सो समितिबाट पारित भयो ।

अब उक्त ऐन संसदबाट पारित गर्नका लागि संसदको बैठकमा पेश गर्ने चरणमा प्रबेश गर्यो । यद्दपि सो कार्यले पनि आशा गरे अनुरुप गति लिएन । २९ चैत्र २०७३ को दिन थियो, महासंघका अध्यक्षज्यूबाट सन्देश आयो की संसदको कार्यसूचिमा समितिको प्रतिवेदन पेश गर्ने कुरा परेको छ रे । राष्ट्रिय अपाङ्ग महासंघ लगायत डि.पि.ओ.का नेतृत्वहरु र हामी फटाफट संसद भवनको दर्शक दिर्घामा गयौं । मनमा अनेकौं कौतुहलता र अब कसरी के हुन्छ भन्ने ढुकढुकी कायमै थियो तैपनी समितिको प्रतिवेदन आज पेश हुन्छ नै भन्ने ठूलो अभिलाशा थियो । समितिका सभापति माननीय रञ्जु कुमारी झाज्यूले प्रतिवेदन पेश गर्नुभयो।

अबको चरण भनेको समितिको प्रतिवेदन र मस्यौदा विधेयकलाई संसदको पूर्ण बैठकबाट पारित गर्ने थियो । सो कार्यका लागि राष्ट्रिय अपाङ्ग महासंघको नेतृत्व वर्ग लागि नै रह्यो । २०७४ बैशाख ६ को विहानी थियो । महासंघका महासचिव राजु बस्नेतज्यूको सन्देश आयो । लेखिएको थियो आज विधेयक संसदको कार्यसूचिमा परेको छ रे । पहिले जस्तै यसपटक पनि उहि दर्शक दिर्घामा रहेका कुर्चिहरु कुर्न पुग्यौं । सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली... को राष्ट्रिय धुन पश्चात बैठक शुरु भयो । कार्यसूचिका अघिल्तिर राखिएका विषयहरु छलफल गर्दै अगाडि बढ्यो । अनि बिचमै उठ्यो कोरमको कुरा । गणना गरियो तर कोरम पुगेनछ । समयको नियतीले दिएको दुःख संझेर फर्कियौं । यो बैठकले अपाङ्गता भएका व्यक्तिहरुको ऐन रुपी थुङ्गालाई एउटै मालामा उन्न सकेन ।

यतिन्जेल देश लामो समयसम्म प्रतिक्षारत स्थानीय चुनावतर्फ होमिईसकेको हुनाले तोकिएका स्थानीय तहहरुमा स्थानीय चुनाव नहुन्जेल विधेयक पारित हुने कुनै गुन्जायस थिएन यद्दपि चुनाव सम्पन्न हुनासाथ उक्त

विधेयकले प्राथमिकता पाओस भन्नाका खातिर राष्ट्रिय अपाङ्ग महासंले आफ्ना प्रयासहरु जारि नै राख्यो । पहिले जस्तै विभिन्न निकाय र व्यक्तित्वहरुमा धाउने र अनुरोध गर्ने प्रयासहरु जारि नै रहे ।

दुई चरणमा तोकिएका स्थानीय तहका चुनावहरु सम्पन्न भए । विभिन्न सभासदज्यूहरुसँग एकल वा संयुक्त परामर्श गर्ने कार्यलाई महासंघले जारि नै राख्यो । २०७४ श्रावण १५ को विहान महासंघका अध्यक्षज्यू बाट फोन आयो, तार उहि नै थियो आज विधेयक पेश हुने रे । फेरि ठूलो उत्साह र आशाका साथ हामी उहि संसद भवनको दर्शक दिर्घामा रहेका मेचहरुमा बस्न पुग्यौं । मनमा कोरम नपुग्ने हो की भन्ने डर यथावत थियो । बैठक शुरु भयो, अधिल्तिर राखिएका कार्यसूचिमा प्रवेश गर्दै छलफल अगाडि बढ्यो । अनि फेरि उठ्यो उहि कोरमकै कुरा । फेरि पुगेन । मालामा अपाङ्गता भएका व्यक्तिको अधिकार उन्ने काम अधुरै रह्यो ।

समय वित्दै गयो । आशा र निराशाका कुराहरु चल्दै थिए । २०७४ श्रावण २० गतेका दिन काम विशेषको सिलसिलामा विराटनगर पुगेको थिएँ, फेरि मोबाईमा घण्टि बज्यो, फेरि उहि सुदर्शन सुबेदीज्यूको सन्देश । खबर थियो, २१ गतेका दिन पुनः विधेयक संसदमा स्वीकृतिका लागि हुने रे । श्रावण २१ गते हाम्रो यात्रा उदयपुर जिल्ला तर्फ हुँदै थियो, संयोगले उक्त जिल्ला महासंघका महासचिवज्यूको परेछ । जिल्लाका साथीहरुलाई केहि हल्लीखल्ली गरौं की भन्ने लाग्यो, फेरि सोचेँ नगरौं क्यार । किनकी के हुने हो थाहा छैन । तैपनी पुर्वावस्थाहरु राखेर भन्नुपर्छ भन्ने लाग्यो, साथीहरुमा खुशी छायो, तैपनी मन रम्न मानिरहेको थिएन । भौतिक रुपमा टाढा भएकोले संसदमा साक्षी बस्ने संभावना त छदै थिएन यद्दपि मनमनै पहिलेको जस्तो हालत नहोस् भनेर कामना गर्नु बाहेक अन्य विकल्प थिएन । खुश खबर सुन्न व्यग्र थियो मन यद्दपि उत्तीकै डर पनि । समय विताउन केहि कठिन भईरहेको थियो । कस्तो भने सेकेन्ड मिनट जस्ता अनि मिनट घण्टा जस्ता । साँझ पर्न थाल्यो । कहिँ कतैबाट पनि खबर आएन । मनमनै लख काटें, विधेयकले पहिलेकै नियती भोगे होला । तैपनी एक कल गरेर सोधेँ, जवाफ आयो, पहिलेकै नियती दोहोरियो ।

श्रावण २२ गतेको दिन । फेरि पनि उस्तै सन्देश, विधेयक कार्यसूचिमा अनि मनमा कौतुहलता । डि.पि.ओ.का साथिहरुसंगै संसदका कुर्चिहरु रुग्न पुगिसकेका थियौं । किन हो कुन्नि त्यस दिनको माहौल केहि फरक थियो । यसपाली दर्शक दिर्घामा बस्ने

डि.पि.ओ.का साथिहरुको संख्या पनि पहिले भन्दा धेरै । मर्यादापालकहरु भन्दै थिए, आज त ऐन पास हुन्छ । केही कार्यसूचिहरुको थान्को लागिसके पछि सभामुखको आदेशसंगै वर्तमान माननीय महिला, बालबालिका तथा समाजकल्याण मन्त्री आशा कोईरालाज्यू संसदको रोष्टममा देखा पर्नुभयो, अनि सुरु भयो पारित गर्ने प्रकृया । कस्तो भने विधेयकका भाग भाग गरेर एक पछि अर्को गर्दै स्वीकृत गर्नुपर्ने । माननीय मन्त्रिज्यूलाई पटक पटक गरी ३ पटक रोष्टममा उभिनुपर्ने । अन्ततः शुरुमा संसदमा दर्ता गरेको विधेयक, समितिको प्रतिवेदन र ऐनको प्रस्तावनालाई चरणवद्धरुपमा स्वीकृत गरी सबैलाई एक साथ राखी विधेयकको अङ्ग बनाउने सभामुखको प्रस्ताव निर्णयार्थ पेश गरी संसदको बहुमतले पारित गरीसकेपछि अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संबन्धी ऐन २०७४ नेपालको व्यवस्थापीका-संसदबाट विधिवत रुपमा पारित भयो । सबै अपाङ्गता भएका व्यक्तिहरु हकवालाको रुपमा परिणत भए । शरीर ढक्क फुल्यो, आङ सिरिङ्ग भयो । वास्तविकता पत्याउन गाह्रो भए पनि उक्त परिघटनाको प्रत्यक्ष साक्षी भएकोमा त्यसमा पुरापुर सत्यता नै थियो । नेपाली अपाङ्गता जगतको वर्षौंदेखिको कामना पुरा भयो । अपाङ्गता आन्दोलनमा नेपाल एक चरण माथि गयो, अन्तर्राष्ट्रिय जगतमा नंबर आयो । दर्शक दिर्घाबाट निस्केपछि बधाई साटासाट, फोटो सेसन चल्यो । साथीहरुमा प्रफुल्लताको सिमा थिएन । हुन पनि किन नहोस्, एकजना अपाङ्गताकर्मी भन्दै हुनुहुन्थ्यो, त्यहि ऐनका लागि लडेको २५ वर्ष भयो रे ।

समग्रमा भन्नुपर्दा यो ऐन ल्याउनका लागि नेपाली अपाङ्गताकर्मीहरुले गरेका यो वा त्यो संघर्ष यो सानो २ पन्ने आलेखमा व्यक्त गर्न संभव छैन । यस क्रममा राष्ट्रिय अपाङ्ग महासंघका अध्यक्षज्यू, महासचिवज्यू लगायतको सिङ्गो टोली, भातृसंस्थाका साथीहरु, डिपिओहरुका नेतृत्वहरु, सम्बद्ध साथीहरु यो वा त्यो तरिकाले दिनरात, घामपानी, हुरिबतास र भोकप्यास नभनी अहोरात्र खटिनु भयो । तारन्तरका संबाद, संचार, तार्किक र समयसापेक्षका वकालतहरु र क्षणक्षणका रणनीतिहरुले आज यो ऐन प्राप्तिलाई संभव तुल्याएको हो भन्नेमा दुइमत छैन । सफलताको अर्को कडि भनेको राष्ट्रिय अपाङ्ग महासंघको नेतृत्ववर्गको त्याग, गहिरो प्रतिवद्धता, डिपिओहरु, भातृसंस्थाहरु र आन्तरिक अन्तरसंबन्धहरुको पहिचान र परिचालन गर्न सक्ने क्षमता हो भन्ने लाग्छ । यसका अलावा राजनीतिक दल, सभासदहरु, संसदीय समिति, नेपाल सरकारका तत्

तत् निकायमा रहने कर्मचारीवर्गहरु सबैको सहयोग र सकारात्मक धारणा यस ऐनको प्राप्तिको अर्को कडि हो । यसक्रममा केहि सभासदहरु, राजनीतिक दलका नेतृत्वहरु, कर्मचारीहरु अत्यन्त सकारात्मक रहि उत्तिकै सहृदयी भूमिकामा देखिनुभयो । उहाँहरु र उहाँहरुका योगदानलाई नेपाली अपाङ्गता जगतबाट उच्च सम्मान व्यक्त नगर्दा यो आलेख आफैमा फोस्रो हुन्छ नै । आरोह-अवरोह कै कुरा गर्नु पर्दा हरेक चरण र पलमा भोगेका कटुसत्य भनौ वा अचम्मको कुरा के छ भने यो ऐनलाई साच्चिकै रुपमा आत्मसात गरेर अन्य विधेयक जस्तै बोकेर हिड्ने न कुनै त्यस्तो संयन्त्र भएको पाईयो न कुनै त्यस्तो प्रतिवद्ध प्रणाली नै । हरेक तह र तप्कामा गुलियो बचन त पाईयो नै यद्यपि कुन्नी किन हो बचनपछिको गतिप्रायः सधै अवरुद्ध नै रह्यो । सबैठाउ, तह र तप्कामा अपाङ्गता भएका साथिहरु नै जानुपर्ने, घच्घच्याउनुपर्ने, नमन गर्नुपर्ने र अन्तिम परे विषनै बमन गर्नुपर्ने, त्यो पनि एकपटक मात्र नभई पटक पटक । यो ऐनलाई र्सवमान्य संरचना रुपी पहुँचयुक्तताको लाभ कतै भएन । कहि कतै पनि र्याम्प हालिएको पाईएन न कुनै लिफ्टमा नै चढ्ने सौभ्याग्य मिल्यो । सौभाग्य मिल्यो त केबल घचेट्ने, अनि बल गरेर घचेट्ने जहाँ तान्ने व्यक्ति कमै मात्र थिए । राजनीतिक रुपमा लाभ नहुने भएर होला दल विशेषको प्राथमीकता र अपनत्व भएको कमै पाईयो । सरकारी निकायमा पटक पटक भएको कर्मचारी सरुवा जस्ता विषयले पनि ऐनको गतिलाई केहि हदसम्म ढिलो बनायो । यो बाहेक देशको बदलिदो र संक्रमणकालिन राजनीतिक अवस्था, राजनीतिक दल बिचको टकरावका विच संबिधान लेखन गर्नुपर्ने राष्ट्रिय प्राथमिकता, विनाशकारी भुकम्प यी आदि कुराहरुले पनि यो ऐनलाई ओझेलमा पारे ।

अन्त्यमा विविध कठिनाई र परिस्थितिका बावजुद नेपालका अपाङ्गता भएका व्यक्तिहरु अधिकारमुखी भएका छन् । अब उक्त ऐन कार्यान्वयनका लागि अपाङ्गता अधिकार नियमावली बनाई प्राप्त उपलब्धीको कार्यान्वयन तर्फ जानु हामी सबैको साझा चुनौतिको रुपमा देखापरेको छ । आउनुस् यस महान कार्यमा सबै जुटौं, मिलौं र हातेमालो गर्दै अगाडि बढौं । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संबन्धी ऐन लेखनको समग्र प्रकृयामा यो वा त्यो तरिकाले योगदान गर्ने अवसर पाएकोमा माईर्राईट र यसका सदस्य संस्थाहरु आफूलाई गौरवान्वित महसुश गर्दछन् ।

# अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक अधिकारका लागि अथक संघर्ष र उपलब्धी

**- नरबहादुर लिम्बू**

नेपाली भाषालाई भारतको संविधानको आठौं अनुसूचीमा पारी राष्ट्रिय भाषाको मान्यता दिलाउन त्यहाँका सांसद श्रीमती दिलकुमारी भण्डारीले रोएर सम्पूर्ण संसद् सदस्यलाई भावविह्वल बनाएको र नेपाली भाषालाई राष्ट्रिय भाषाको मान्यता दिलाएको समाचार म सानै हुँदा सुनेको हुँ ।

जनतान्त्रिक सवाललाई सम्बोधन गराउन तत्कालीन राष्ट्रिय पञ्चायतका जनपक्षीय सदस्य पद्मरत्न तुलाधरले राष्ट्रिय पञ्चायतको बैठकमा बलिन्द्र आँशु झारेर रोएको घटना वि.सं. २०४०-४१ को हो ।

महिला अधिकार सम्बन्धी विधेयक वि.सं. २०६५-६६ तिर संविधानसभाबाट पारित हुँदा समाजसेवी अनुराधा कोइराला खुशीले भावविभोर भएर संविधानसभाका सबै सदस्य बाहिरिसक्दा पनि अनवरत ताली बजाइरहेको सन्दर्भ पनि सबैसामु ताजै छ ।

अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक अधिकार नेपालको संविधान, २०७२ मा दर्ज गराउने क्रममा दोस्रो जन–आन्दोलनको सफलता र त्यसपछिको बृहत शान्ति सम्झौतापछिको अन्तरिम संविधान, २०६३ को मस्यौदा तयारी समितिको गठनदेखि नै लागियो । अधिकार स्थापनार्थ धेरै शीर्ष नेताका दैलो चहारियो । मध्यम तहका नेता गुहारियो । दौडधुपको क्रममा अपाङ्गता अधिकारकर्मीका जुत्ता त कति फाटे कति !! तर पनि मस्यौदा समितिमा प्रतिनिधित्वको कुरा त परै जाओस्; सामाजिक न्यायको हकमा समेत अपाङ्गता समुदाय समेटिन सकेन, जुन मौलिक हकको मूल कडी थियो । त्यस धारामा नपरेकै कारण अन्तरिम संविधानको अवधिभरि अपाङ्गता भएका व्यक्तिहरूले न त राजनीतिक अधिकार पाए न त समावेशीको खाकामा परेर विकासको मूलप्रवाहमा प्रवाहित हुने पाए ।

नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक बन्यो । राजा ज्ञानेन्द्रले सहजै नारायणहिटी दरबार छाडि सामान्य नागरिकको जीवन यापन गर्न स्वीकार गरी शिवपुरी दरबारमा सरे । प्रत्यक्ष निर्वाचित २४०, विभिन्न वर्ग, जाति, लैङ्गिक र सीमान्तकृत समुदायबाट समानुपातिक प्रतिनिधित्व गराउने ३३५ र मन्त्रिपरिषद्बाट विज्ञ र राजनीतिक दलहरूको आँखाबाट छुटेका समुदायबाट मनोनीत गर्ने गरी भनी व्यवस्था गरिएका २६ जना गरी ६०१ को जम्बो संविधानसभा बन्ने भयो । वि.सं. २०६४ चैत २९ गते पहिलो संविधानसभाको निर्वाचन सम्पन्न भयो । एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी), नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) क्रमशः पहिलो, दोस्रो र तेस्रो ठूला दल बने । सामुदायिक प्रतिनिधित्व र अधिकारमुखी अवधारणाका आधारमा भन्दा आफ्नो पूर्व वचनबद्धता बमोजिम पाँच सिट पाएको नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) ले बहिरा व्यक्ति राघबवीर जोशीलाई संविधानसभामा पठाएर उदाहरणीय काम गर्‍यो ।

राष्ट्रिय अपाङ्ग महासङ्घको तत्कालीन नेतृत्व, अन्य आबद्ध संस्थाका प्रतिनिधि र अपाङ्गता अधिकारकर्मीहरूबाट संयुक्त रूपमा संविधानसभामा आफ्नो प्रतिनिधित्वका लागि तिनै शीर्ष दलका ढोका चहार्ने, मागपत्र पेश गर्ने र अल्टिमेटम दिने काम भए तर सबैले हुन्छ भने पनि काम चाहिँ नगर्ने छाँट देखियो । स्वयं अपाङ्गता भएका व्यक्तिहरूमा पनि समुदायको प्रतिनिधित्व भन्दा म पर्न पाए हुन्थ्यो भन्ने भित्री मनशायले जरा गाड्न थाल्यो । व्यक्तिगत दौड पनि चल्यो तर कुनै दल वा दलका नेता विशेषले टेरपुच्छर लगाएनन् ।

यसैक्रममा नेत्रहीन सङ्घ कास्कीका तत्कालीन सचिव लक्ष्मण सुवेदीका साथै श्रीकान्त सापकोटा र खोमराज शर्मा जस्ता दृष्टिविहीन युवाले त्यतिबेला संविधानसभामा सबैभन्दा ठूलो दल एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) सँग उहाँकै निवासमा भेटघाटको कार्यक्रम मिलाउनुभयो । भेटमा प्रतिनिधित्वको प्रस्ताव राखियो । पहिलो भेटमै प्रचण्ड बडो मृदुभाषी लाग्यो । उहाँले प्रस्तावलाई सहर्ष स्वीकार्नुभयो । एक जना तपाईंहरूको तर्फबाट संविधानसभा सदस्य बनाएर छाड्छु भनी न्यानो प्रतिबद्धता जाहेर गर्नुभयो ।

यो अप्ठ्यारो अवस्थामा महासङ्घले सम्बन्धित सबैको सहमतिमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार–

आन्दोलनलाई उचाइमा पुर्‍याउन प्रचण्डले दिनुभएको आश्वासनलाई आधार बनाएर आमरण अनसनको घोषणा गरी तत्कालिन गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारलाई चुनौती दिने रणनीति अपनायो ।

योजना अनुसार माइतीघर मण्डलामा आमरण अनसनको कार्यक्रम सुरू भयो । आमरण अनसनको लागि इच्छुक जतिलाई फूलमाला लगाएर आमरण अनसन आरम्भ भयो । तर अनसन लामो वस्नु परेन । त्यसै दिनको ठीक साढे ६ बजे एमाओवादी अध्यक्ष तथा संसदीय दलका नेता पुष्पकमल दाहाल पत्नी सीता र आफ्ना कार्यकर्तासहित मण्डला आइपुग्नुभयो माइकबाट प्रचण्डले तपाईंहरूका माग पुरा गर्न एनेकपा (माओवादी) दल तयार छ । एक जना अपाङ्गता भएका व्यक्तिलाई हाम्रो पार्टीले संविधानसभामा लगेरै छाड्छ । तपाईंहरू आमरण अनसन आजकै मितिदेखि बन्द गर्नुहोस् भनी सार्वजनिक रूपमा घोषणा गरी जुस खुवाएर अनसन तोडाउनुभयो ।

संविधानसभा सदस्य बन्ने आकांक्षीहरूको दौडधुप मच्चियो । इच्छुक त धेरै थिए तर नेपाल अपाङ्ग महिला सङ्घ र अन्य केही अपाङ्गता भएका व्यक्तिहरूका संस्थाले महिला, जनजाति र अपाङ्गतालाई समेत गरी तीन वटै क्षेत्र समेट्न सक्ने गोरखा निवासी इन्द्रमाया गुरुङलाई प्रचण्डसमक्ष पुर्‍याएर उहाँलाई नै संविधानसभाको सदस्य बनाउन अनुरोध गरे अनुसार एमाओवादी पार्टीका तर्फबाट गुरुङलाई संविधानसभाको सदस्य बनाइयो । यसरी प्रथम संविधानसभामा अपाङ्गता समुदायबाट दुई जना संविधानसभा सदस्य भए ।

प्रतिनिधित्व मात्र हाम्रो लागि ठूलो कुरा थिएन । हाम्रा सवालहरू नयाँ बन्ने संविधानमा समावेश गराउनु हाम्रो लागि सबैभन्दा महत्वपूर्ण कुरा थियो । यसका लागि फेरि हामीले संयुक्त पहलहरू अगाडि वढायौँ । केही सभा एवं गोष्ठी गरियो । छायाँ संविधान बनाइयो । अपाङ्गता भएका इन्द्रमाया गुरुङ र राघववीर जोशीका साथै शारदा कुमाल, प्रदीप ज्ञवाली आदि सभासदलाई समावेश गरी अपाङ्गताको सवाल उठान गर्न ककस समेत बनाइयो । तर पनि, पहिलो संविधानसभाले बनाएको संविधानको मस्यौदामा शिक्षा, स्वास्थ्य, रोजगार, ब्रेल लिपिको माध्यमबाट दृष्टिविहीनलाई र साङ्केतिक भाषाको माध्यमबाट बहिरालाई पठन-पाठन गराइनेछ भन्नेसम्म पार्न सकियो । नभई नहुने सामाजिक न्यायको हक अन्तर्गत राज्यका निकायहरूमा समानुपातिक प्रतिनिधित्व, राष्ट्रियसभामा प्रतिनिधित्व

जस्ता महत्वपूर्ण धारा, जसले अपाङ्गता भएका व्यक्ति एवं समुदायको राजनीतिक अधिकारलाई सम्बोधन गर्थ्यो, त्यसमा अपाङ्गताको सवाल पार्न भने सकिएन । राजनीतिक दलका नेता समझदार छन्, अपाङ्गताप्रति उनिहरू संवेदनशील छन् भन्ने बुझाइका साथ अपाङ्गता समुदाय मर्यादित अभियान चलाउन व्यस्त रह्यो । तर दुर्भाग्यवस पहिलो संविधानसभाले देशलाई संविधान दिन सकेन र २०६९ साल जेठ १५ गते यो विघटन भयो ।

पहिलो संविधान सभाले संविधान दिन असफल भएपछि २०७० साल मंसिर ४ गते दोस्रो संविधान सभाको चुनाव भयो । कयौं प्रयासको वाबजुद दोस्रो संविधान सभाको चुनावमा पनि समानुपातिक र प्रत्यक्षतर्फ कतैपनि अपाङ्गता भएका व्यक्तिहरूलाई स्थान दिइएन । अपाङ्गता भएका व्यक्तिहरूप्रति राजनैतिक दलहरूको व्यवहारमा कुनै परिवर्तन आएन । मन्त्री परिषदबाट मनोनयन हुने कोटामा अपाङ्गता भएका व्यक्तिहरूलाई पार्न राष्ट्रिय अपाङ्ग महासंघको नेतृत्वमा, अपाङ्गताको सवाल हेर्ने विभिन्न राजनैतिक दलका भातृ संस्थाका प्रतिनिधि, राष्ट्रिय स्तरमा काम गरिरहेका अपाङ्गता भएका व्यक्तिका वर्गीय संस्था र सञ्जालहरू पुन संयुक्त जनवकालतमा होमिए । किनभने प्रतिनिधित्वको सवाल आफैमा एउटा सहभागिताको महत्वपूर्ण प्रश्न थियो भने अर्को तिर उक्त प्रतिनिधित्वको माध्यमबाट हामीलाई अपाङ्गता भएका व्यक्तिका सवालहरूलाई संविधानमा समावेश गर्नुथियो ।

संविधानमा आफ्ना अधिकार स्थापित गर्न विभिन्न जाति, समुदाय, वर्ग विशेष, लिङ्ग विशेष थुप्रैले थुप्रै आन्दोलन चलाए । नेपाल बन्द गरे । चक्काजाम, सिंहदरबार घेराउ, संविधानसभा भवन घेराउ आदि अनगिन्ति विरोध कार्यक्रम चलाए । आञ्चलिक र क्षेत्रीय बन्द कार्यक्रम पनि सञ्चालन गरे । दलहरू स्वयं पनि कुन विषय कसरी सम्बोधन गर्ने, भौगोलिक हिसाबले प्रदेश विभाजन कसरी गर्ने, स्रोत, साधन र सामर्थ्यका दृष्टिले सङ्घीयतालाई कसरी मिलाउने भन्ने विषयमा अलमल्ल परेका थिए । एउटा नेताले एकथोक भन्थे त अर्काले अर्कै । शासकीय स्वरूपमा उस्तै गल्फत्ति थियो । आत्मनिर्णय सहितको सङ्घीय प्रदेश र सङ्घीय अधिकार प्राप्त प्रदेशमा पनि दल र नेताहरू प्रष्ट हुन निकै समय लाग्यो । समावेशी खाकामा पर्नुपर्ने वर्ग, वर्ग समुदाय, जाति समुदाय, लैङ्गिक विशेषमा सबैभन्दा बढी उत्पीडित, युगौंदेखि अधिकारबाट बञ्चित, शोषित र अति सीमान्तकृत अपाङ्गता समुदायलाई पनि पार्नुपर्छ भन्ने सोच न त दलका नेतामा थियो

न त नागरिक समाज, योजनाविद्, अथवा बुद्धिजीवीहरूको दिमागमै । जो चर्को बोल्यो; जसले बढी जमात बटुलेर लम्बेतान लस्कर लगायो, उसैको मात्र कुरा सुन्ने सँस्कृति बस्न खोजिसकेको थियो । अपाङ्गता भएका व्यक्तिहरू न त कान फुट्नेगरी हल्ला गर्न सक्थे; न त हुल-हुज्जत नै । तोड-फोड र बन्द कार्यक्रम त चलाउन सक्ने कुरै भएन ।

परिस्थिति जेजस्तो भएपनि अपाङ्गता भएका व्यक्तिका अधिकारलाई संविधानमा स्थापित गर्न यो भन्दा अर्को ठूलो मौका पनि थिएन । त्यसैले नैतिकता र कानुनको पालना बढी कमजोर व्यक्तिले गर्छ भनेझैँ बडो शालिनता एवं भद्रतासाथ साधु भई नेताहरूकहाँ कुरा राखिन्थ्यो । सबैले हुन्छ, तपाईंहरूको नभएर कसको हुन्छ, बरू अरू नेताहरूलाई पनि भेट्नुहोस् है भनेर फुरुक्क पारेर पठाउँथे तर निर्णयको टेबुलमा बस्दा सबैले अपाङ्गता भएकाहरूका पीडा र माग बिर्सन्थे । शिक्षा, स्वास्थ्य, रोजगारी, भत्ता आदि जनजीविकाका सवालमा भने अपाङ्गता समुदायलाई नेताहरू सम्झन्थे । यिनीहरू दिएर खाने हुन् भन्ने मानसिकता थियो । पस्केर खान र पस्केर अरूलाई पनि दिन सक्छन् भन्ने विषयमा कत्ति पनि विश्वस्त थिएनन् ।

भेटघाट, अन्तरकृया गोष्ठी, ज्ञापनपत्र आदिले नेताहरूको कानमा वतास नलागेपछि सबैको सहमतिमा राष्ट्रिय अपाङ्ग महासंघको नेतृत्वमा सडक आन्दोलन गर्ने सहमति भयो र सहमति अनुसार २०७० साल पौष २४ गतेवाट सडक आन्दोलन सुरू गरियो । लभगभ २८ दिन लामो सडक आन्दोलन सँगसँगै सञ्चालन गरिएका वहस, अन्तरकृया र भेटघाटबाट पनि अपाङ्गता भएका व्यक्तिहरूको मागमा कुनै ठोस सुनुवाई नभएपछि २०७० साल माघ २२ वाट अपाङ्गता भएका व्यक्तिहरूले रिले अनसन सुरू गरे । रिले अनसनमा महासंघका नेतृत्व वर्ग लगायत धेरै अपाङ्गता भएका व्यक्तिहरूले साथ दिए । अपाङ्गता भएका व्यक्तिहरूको मागमा ऐक्यवद्धता जनाउँदै आन्दोलनलाई समर्थन गर्न शिर्ष दलका शिर्ष नेताहरूदेखि लिएर, मानव अधिकारकर्मी, सभासद तथा पत्रकारहरू सबै अनसन स्थलमा आएर माग पुरा गर्ने प्रतिवद्धता जाहेर गरे । झण्डै ११ दिनको कठोर रिले अनसन पछि तत्कालिन प्रधानमन्त्री सुशील कोइरालाको नेतृत्वमा रहेको सरकारका प्रतिनिधि र राष्ट्रिय अपाङ्ग महासंघका अध्यक्ष विचमा विभिन्न राजनैतिक दलका अपाङ्गताको सवाल हेर्ने भातृ संगठनका प्रतिनिधिहरूको रोहवरमा एक लिखित संझौता भयो जसमा अपाङ्गता भएका

व्यक्तिहरूलाई मन्त्रि परिषदले मनोनयन गर्ने कोटामा पार्ने प्रतिवद्धता गरियो । तर पछि कार्यान्वयन गर्ने वेलामा उक्त प्रतिवद्धता पालना गरिएन । दोस्रो संविधान सभामा कुनै पनि अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्वव हुन सकेन र पुन एक पटक अपाङ्गता भएका व्यक्तिहरूलाई धोका दिइयो । तर नयाँ संविधानमा अपाङ्गताका सवालहरू समावेश त जसरी पनि गराउनु नै थियो । प्रतिनिधित्वको अभावमा यो निकै चुनौतिपूर्ण काम त थियो नै तर महासंघलाई नेतृत्वमा राखेर हामी सबैले हाम्रो प्रयासलाई अझ सशक्त तरिकाले र विभिन्न किसिमका रणनीतिहरू अपनाइ अगाडि बढ्ने प्रतिवद्धता सहित अगाडि वढ्यौँ ।

हाम्रो लागि राजनैतिक अधिकार, प्रदेश सभा र प्रतिनिधि सभामा प्रतिनिधित्व लगायत सामाजिक न्यायको अधिकार निकै महत्व राख्थ्यो । त्यसैले राष्ट्रिय अपाङ्ग महासङ्घका अध्यक्ष सुदर्शन सुवेदीको नेतृत्वमा अपाङ्ग महिला सङ्घ, नेपाल नेत्रहीन सङ्घ, स्वावलम्बन जीवन पद्धति केन्द्र, अपाङ्ग मानव अधिकार केन्द्र, बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको महासङ्घ लगायत अरू अपाङ्गता भएका व्यक्तिहरूबाट सञ्चालित संस्थाका प्रतिनीधिहरूले प्रायः सबै दलका शीर्ष नेताहरूका साथै संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्बाङसँग झण्डै आधा दर्जनभन्दा बढी पटक भेटेर आफ्ना सवाल राख्ने काम भयो । आश्वासन बटुलियो । नेताहरूबाट हुन्छ, मेरोतर्फबाट हुन्छ, अरूलाई पनि भन्नुहोस् जस्ता अधुरा प्रतिबद्धता थुप्रै पाइयो ।

कतिपय अपाङ्गता भएका साथीले त मूल सवाल "राजनीतिक अधिकार" लाई बिर्सिइ वा त्यसको महत्व नबुझी कल्याणकारी भावनाका लागि मस्यौदामा समेटिएका कुराहरूलाई नै उपलब्धी हो भनी खुशी नमनाएका पनि होइनन् । यथार्थमा धारा ४२, ८४ र राष्ट्रियसभाको व्यवस्था सम्बन्धी धारामा नपरेसम्म अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक अधिकार सुरक्षित हुनेवाला कदापि थिएन । तसर्थ, मागहरूमा सम्झाइ बुझाइ अपाङ्गता अधिकारकर्मी बीच छलफल गरी संविधान निर्माणको उत्तरार्द्धकालमा बढि जोडतोडसँग लागियो । संविधान घोषणा हुन एक महिनामात्र बाँकी थियो । धेरै अपाङ्गता भएका व्यक्तिहरू त राजनीतिक अधिकार पाइन्छ भन्ने विषयमा निराश भइसकेका थिए । राष्ट्रिय अपाङ्ग महासङ्घको वर्तमान नेतृत्वले उपलब्धी हासिल गर्न कुनै पनि हालतमा सक्दैन भनी काखी बजाउनेहरू पनि नदेखिएका होइनन् । कस्ता कस्ताको त अधिकार छुटेको

छ, हामी अपाङ्गता भएकाहरूको राजनीतिक अधिकार कसरी स्थापित हुन्छ ? यो असम्भव छ भन्नलागेका थिए । भातृ संस्थाका नेतृत्व पनि राजनीतिक अधिकार प्राप्तिमा पूर्णरूपले ढुक्क हुन सकेका थिएनन् ।

महासङ्घका अध्यक्ष सुदर्शन सुवेदी लगायत जगदीशप्रसाद अधिकारी, भोजराज श्रेष्ठ, विकास थापा, निर्मला धिताल, कुमार रेग्मी (बहिरा), टेकनाथ न्यौपाने, बालकृष्ण गैरे, राजु बस्नेत, मुकुन्दहरि दाहाल, गणेश के.सी. कृष्ण गौतम, अनिता गैरे, मीना पौडेल, लेखक स्वयंलगायत केही अपाङ्गता अधिकारकर्मीको एउटा समूह जसरी पनि अपाङ्गता भएका व्यक्तिहरूका राजनीतिक अधिकार स्थापना गरेरै छाड्ने अभियानमा जुट्यो । तत्कालीन नेपाली काँग्रेसका सभापति तथा प्रधानमन्त्री सुशील कोइराला, नेकपा (एमाले) का अध्यक्ष के.पी. शर्मा ओली, एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल, मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) का अध्यक्ष विजयकुमार गच्छदार लगायत सबै दलका दोस्रो शीर्ष नेताहरूलाई दल-दल, घर-घर र संसदीय दलका कार्यालय, जहाँ सम्भव छ, त्यहीँ भेट्ने कार्यमा टोली जुट्यो । फोन आउनासाथ जुनसुकै अवस्थामा भए पनि हिँड्ने हाइएलर्टमा रहियो । सहयोगको काम मार्इ राइट नेपाल र त्यस संस्थाका रष्ट्रिय सँयोजक द्वय शिव रायमाझी र सुजना शाक्यले गरिरहनुभयो ।

महासंघका अध्यक्ष सुदर्शन सुवेदीद्वारा २०७२ भाद्र ७ गतेको बिहान सातै बजे प्रचण्डसँग भेटको समय मिलेकाले लाजिम्पाट साढे ६ मा नै पुग्ने उर्दि जारि भयो । ठीक समयमा सबै पुग्यौं । बैठक कक्षमा सबै भेला भयौं । एमाओवादी अध्यक्ष पुष्पकमल दाहालसँग महासङ्घका अध्यक्षलाई माग प्रस्ताव राख्ने जिम्मेबारी दिइयो । उहाँले पूरै गला अबरुद्ध गरी आँखाबाट बलिन्द्र आँशु झारी "भिखै सही, संविधानमा जसरी भए पनि अपाङ्गता भएकाहरूलाई राजनीतिक अधिकार दिलाईदिनुहोस्" भनी धर्धरी रूँदा हामी सब अवाक र संवेदनाले द्रविभूत भयौं । पुष्पकमल दाहालको पनि आँखा आँशुले भरिए । कुरा राख्न बडो मुस्किल पर्‍यो । बल्लतल्ल मन सम्हालेर मागहरूलाई प्रष्ट्याउने काम गरियो । प्रचण्डले पनि बडो भावुक भई मिल्ने भए त्यहीं नै माग पूरा गरौंलाझैँ गरी "जसरी भए पनि तपाईहरूलाई राजनीतिक अधिकार मिल्छ । त्यसका लागि म सक्दो काम गर्छु" भनी दह्रो आश्वासन दिनु भयो । अलि आनन्दको सास फेर्दै फोटो खिचेर त्यहाँबाट बिदा भयौं । यो जनवकालत

बडो नयाँ र चमत्कारिक थियो । सबै अचम्मित र भावबिह्वल पनि भयौं ।

त्यसपछि विजयकुमार गच्छदार, सुशील कोइराला, के.पी. शर्मा ओलीलाई भेट्नु थियो । उहाँहरूको समय मिल्न बडो मुश्किल परिरहेको थियो । स्वकीय सचिवहरूले पनि समय मिलाउन सकिरहेका थिएनन् । एमाले नेता प्रदीप ज्ञवाली, एमाओवादी सभासद योगेन्द्र घिसिङ, एमाले सभासद दामोदर भण्डारी, मधु गुरूङ, काँग्रेस सभासद उषा गुरूङ, मालेका सभासद आइन्द्रसुन्दर नेम्बाङ आदिले बडो सहयोग गर्नुभयो । यति हुँदा-हुँदै पनि नागरिक सम्बन्धन समितिको सिफारिशमा जबसम्म पर्दैन तबसम्म राजनीतिक संवाद समितिले सिधै संविधान मस्यौदामा पार्न नसक्ने प्राविधिक समस्या थियो । त्यसका लागि महासङ्घका अध्यक्ष सुदर्शन सुवेदी, विकास थापा, भोजराज श्रेष्ठ आदिले रातोदिन सिंहदरबारभित्र रहेको राज्य व्यवस्था समितिको हल बाहिर कुरेर नागरिक सम्बन्ध समितिका सभापतिलाई भेटेर सवाललाई दर्ज गर्न लगाई बडो ठूलो काम गर्नुभयो ।

राजनीतिक संवाद समितिका सभापति डा. बाबुराम भट्टराई, काँग्रेसका नेता रामचन्द्र पौडेल, कृष्ण सिटौला, एमाले नेता भीम रावल आदि धेरै नेतालाई भेटेर पैरवी गरियो । यति भइसक्दा पनि ठूला दलका सबै शीर्ष नेताहरूलाई एकै ठाउँमा भेट गराएर प्रतिबद्धता लिने काम हुन सकेको थिएन ताकि उहाँहरू सबैलाई अपाङ्गता भएका व्यक्तिहरूका राजनीतिक अधिकार दिलाउने काममा जिम्मेबार बनाउन सकियोस् । त्यो काम प्रधानमन्त्री सुशील कोइरालाका स्वकीय सचिव अतुल कोइरालाको सहयोगबाट सम्भव भयो ।

संविधान मस्यौदालाई अन्तिम रूप दिन भनी काँग्रेस सभापति तथा प्रधानमन्त्री सुशील कोइराला, एमालेका अध्यक्ष के.पी. शर्मा ओली, एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल, फोरम (लोकतान्त्रिक) का विजयकुमार गच्छदार लगायत शेरबहादुर देउवा, कृष्ण सिटौला सबै सँगै बसेको ठाउँमा प्रवेशको व्यवस्था अतुल कोइरालाले मिलाईदिनुभयो । यसमा काँग्रेस सभासद उषा गुरूङले पनि यथेष्ट प्रयास गर्नुभयो । पत्रकारहरूको मद्दतले उहाँहरू सबैबाट प्रतिबद्धता लिई मिडियामा प्रचार-प्रसार गरियो । संविधानको मस्यौदामा जनतावाट सुझाव लिन सरकारले देशभरि विभिन्न टोलिहरू खटायो । हाम्रो लागि यो पनि अर्को ठूलो अवसर थियो किनभने हामी मस्यौदामा समेटिएका हाम्रा सवालहरू कुनैपनि हालतमा यताउता नहोस भन्ने चाहन्थ्यौँ । यसैले मस्यौदामा अपाङ्गता

भएका व्यक्तिहरूको पक्षबाट सुझाव दिनको लागि राष्ट्रिय अपाङ्ग महासंघले देशभरी रहेका आफ्ना संरचना र सदस्य संस्थाहरूलाई परिचालन गर्‍यो । यसमा सबै जिल्लाका अपाङ्गता भएका व्यक्तिका संस्थाहरूले भाग लिए र सकृय रूपमा सुझावहरू दिए । यसले पनि राजनैतिक दल र सरोकारवालाहरूलाई थप दवाब सृजना भयो । परिणामतः वि.सं. २०७२ असोज ३ मा संविधान घोषणा हुँदा अपाङ्गता भएका व्यक्तिहरू पनि राजनीतिक अधिकार सम्पन्न हुन पाए । वर्षौंदेखिको उत्पीडन समाप्त हुने मार्ग देखापर्‍यो । राजनीतिक अधिकार र अन्य अधिकार छुट्याउन सक्ने अपाङ्गता भएका व्यक्तिहरू र अपाङ्गता अधिकारकर्मीहरूको खुशीको सीमा रहेन ।

यसरी, वर्षौंको अधिकारको लडाइँ जितियो । नेपाली अपाङ्गता भएकाहरू पनि नागरिक अधिकारले सुशोभित हुन पाए । सम्भवतः एसियामा मात्र नभएर विश्वमै अपाङ्गता भएका व्यक्तिहरूले यतिको दह्रो र फराकिलो संवैधानिक अधिकार पाएका छैनन् । यो सबै नेपाली अपाङ्गता अधिकारकर्मीहरूको मेहनतको परिणाम हो । तसर्थ, यसको सफल कार्यान्वयनको जिम्मा पनि तिनकै काँधमा छ ।

लेखक विगत दुई दशक देखि अपाङ्गता अधिकार आन्दोलनमा संलग्न अपाङ्गता अधिकारकर्मी र अपाङ्गता अधिकार सम्बन्धी विज्ञ हुनुहुन्छ । राष्ट्रिय अपाङ्ग महासंघले अपाङ्गता भएका व्यक्तिका अधिकारका सवालमा गरेका विभिन्न पैरवी तथा जनवकालतका अभियानहरूमा वहाँको सकृय र महत्वपूर्ण योगदान रहेको छ ।  वहाँ हाल नेपाल नेत्रहीन सङ्घका कार्यकारी सल्लाहकार हुनुहुन्छ ।

# अपाङ्गता परिचयपत्र सम्बन्धी व्यवस्थामा हासिल गरिएको सफलता र भावी चुनौति

**- निर्मला धिताल**

पहिचान नै अधिकार प्राप्त गर्ने पहिलो आधार हो भन्ने कुरालाई मध्यनजर गर्दै नेपालमा अपाङ्गता अधिकारको क्षेत्रमा काम गर्ने छाता संस्था राष्ट्रिय अपाङ्ग महासंघको नेतृत्वमा अन्य अपाङ्गता भएका व्यक्तिहरूद्वारा संञ्चालित संघ संस्थाहरूको सामूहिक प्रयास र सरकारसँग गरेको निरन्तर जनवकालतको फलस्वरूप सरकारले २०५६ सालदेखि अपाङ्गता भएका व्यक्तिहरूको पहिचान स्वरूप अपाङ्गता परिचयपत्र बितरण गर्न थालेको हो । सोही पहिचानका आधारमा राज्यले उनिहरूका लागि निश्चित सेवा सुबिधाहरू उपलब्ध गर्न समेत थालेको कुरालाई सफलता र प्रशंसायोग्य कामको रूपमा लिन सकिन्छ ।

तत्कालिन अवस्थामा अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण गर्न कल्याणकारी अवधारणाबाट बनेको ऐन अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९मा दृष्टिबिहिन, शारीरिक अपाङ्गता, बहिरा, बौद्धिक अपाङ्गता भएका व्यक्ति र मानसिक अपाङ्गता गरी अपाङ्गतालाई जम्मा ५ प्रकारमा मात्र विभाजन गरिएको थियो । अपाङ्गता भएका व्यक्तिहरूलाई परिचयपत्रको व्यवस्था गरिनुपर्छ भन्ने आवाज संगठित रूपमा उठेपछि बि.स. २०५६ सालमा समाज कल्याण मन्त्रालयका मन्त्रिको अध्यक्षतामा सचिव, सहसचिव र बिभिन्न मन्त्रालयका सचिवहरु र राष्ट्रिय अपांग महासंघ नेपालका अध्यक्ष लगायत अपाङ्गता अधिकारको क्षेत्रमा काम गर्ने संस्थाहरुसमेतको सहभागितामा राष्ट्रिय अपाङ्ग समन्वय समितीको गठन गरिएको थियो । सोही समितिको निर्णय अनुसार २०५६ सालबाट नै अपाङ्गता भएका व्यक्तिहरुको पहिचानका लागि अपाङ्गता परिचयपत्र बितरण कार्यक्रमको शुरुवात गरिएको थियो । परीक्षणको रूपमा यो कार्यको सुरूवात कैलाली, रुपन्देही, बाँके, कास्की,रौतहट, काठमाडौ, भक्तपुर,

ललितपुर, झापा, मोरङ्ग, सुनसरी र ईलाम गरी १२ वटा जिल्ला भएको थियो । तत्कालिन समयमा सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यलयबाट सवै अपाङ्गता भएका व्यक्तिहरुलाई एकै प्रकारको सेतो रंगको परिचय पत्र बितरण गरी १२ जिल्लावाट सुरु गरिएको यो कार्य पछि ७५ वटै जिल्लामा सञ्चालनमा आयो ।

